
# लेखापरीक्षण प्रतिवेदन

# जिरी नगरपालिका, दोलखा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# जिरी नगरपालिका, दोलखा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/136

**विषयः**लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
जिरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दोलखा।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ७ करोड ९८ लाख ७८ हजार, एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. २० लाख ४० हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रू. ४ लाख १२ हजार र पर्यटन पूर्वाधार विकास आयोजनाको रु. १८ लाख ७५ हजार समेत गरी रू. ८ करोड ४२ लाख ६ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रू. १ अर्ब ३ करोड ५८ लाख १० हजार लेखापरीक्षण गरिएकोमा रू. १ करोड ८१ लाख ४२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. १ करोड ६४ लाखको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरूजुमा असुल गर्नुपर्ने रू. ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख ५४ हजार, नियमित गर्नुपर्ने रू. १५ लाख ७७ हजार रहेको छ । गत वर्षसम्म रू १४ करोड २० लाख ४८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरूजु रू. १४ करोड ३७ लाख ८० हजार रहेको छ । बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने जिरी नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी जिरी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ५९ | ३१ | १,८१,४२,६८१ | ० | २३ | १,६४,००,६०७ | ० | ५९ | ८ | १७,४२,०७४ | ९,२१४ | १५,७७,९५१ | १,५४,९०९ | ० | ० | १७,३२,८६० | ० | |

अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | १४,०३,०६,००० | ० | ० | १४,०३,०६,००० | ० | १७,४२,०७४ | १४,२०,४८,०७४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ११ | कर दायित्व | ६,१३,६२१ |
| २ | २०८०/८१ | २०.२ र २०.३ | नगर विकास कोषको ऋण | १,३८,०२,०४७ |
| ३ | २०८०/८१ | २१ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,३४,७३६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | २५.२ | निर्माण ठेक्काबाट सवारी साधन खरिद | १२,००० |
| ५ | २०८०/८१ | २६.२ | जिरी अस्पताल देखि गाई आनुवंशिक श्रोत केन्द्र जाने वाटो कालोपत्रे कार्य : | ९,४०,००० |
| ६ | २०८०/८१ | ४३ | राजस्व असुली | ४,७३४ |
| ७ | २०८०/८१ | ४९ | सामुदायिक सिकाइ केन्द्र | ५,०४,००० |
| ८ | २०८०/८१ | ५१.२ | सहिद स्मृति प्रतिष्ठान | ३,७९,६९७ |
| ९ | २०८०/८१ | ५४ | शिक्षकको पारिश्रमिक | ९,७७२ |
| जम्मा | | | | १,६४,००,६०७ |

# (८०३२२३४०१३०० - जिरी नगरपालिका, दोलखा)

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेका छन् भने क्षेत्रफल २११.२५ वर्ग किलोमिटर तथा जनसंख्या १६,१०९ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य थियो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।११ देखि २०८१।९।१६ सम्म रहेको थियो ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएका छन् ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् ।यस पालिकाको वडाबाट हुने राजश्व संकलन सम्बन्धी कागजात बाहेक सिफारिस लगायतका नितान्त वडाको कार्यक्षेत्रमा पर्ने कागजात यो लेखापरीक्षणको दायरामा समावेश गरिएको छैन । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ जम्मा रु.१०३५८१०८३८।४३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १२८०१०।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
| --- | --- | --- |
| १ | मिति २०८१।०९।२५ गते पाठ्यपुस्तकको बढी भुक्तानीबापतको रकम नेपाल बैङ्क लि चरिकोटको दाखिला फारम नं. ८११२३१४ बाट राजश्व शीर्षक नं १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | १४९२० |
| २ | मिति २०८१।०९।२५ गते पाठ्यपुस्तकको बढी भुक्तानीबापतको रकम नेपाल बैङ्क लि चरिकोटको दाखिला फारम नं. ८११२३१३ बाट राजश्व शीर्षक नं १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | ४२४२ |
| ३ | मिति २०८१।०९।२५ गते दशैँ खर्च बढी भुक्तानीबापतको रकम नेपाल बैङ्क लि चरिकोटको दाखिला फारम नं. ८११०१७२ बाट संघीय सञ्चित कोषको राजश्व शीर्षक नं १५१११ मा दाखिला भएको रु... | ३३३७३ |
| ४ | मिति २०८१।९।१७ गते भौचर नं ८३६१३२१ राजश्व कारोबार संकेत नं. २०८१-६४४५५१७ बाट नेपाल बैँक लिमिटेडमा सामाजिक सुरक्षा लगत कट्टा बेरुजु रकम संघीय संचित कोषमा फिर्ता दाखिला रु... | १४३०६ |
| ५ | मिति २०८१।९।१७ गते भौचर नं ८३६१३२० राजश्व कारोबार संकेत नं. २०८१-६४४५५१७ बाट नेपाल बैँक लिमिटेडमा सामाजिक सुरक्षा लगत कट्टा बेरुजु रकम संघीय संचित कोषमा फिर्ता दाखिला रु... | २३२४ |
| ६ | मिति २०८१।०९।२५ गते शिक्षकहरुको तलब बढी भुक्तानीबापत रकम नेपाल बैङ्क लि चरिकोटको दाखिला फारम नं. ८३६१३२२ बाट संघीय सञ्चित कोषको राजश्व शीर्षक नं. १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | ९७७२ |
| ७ | मिति २०८१।०९।२५ गते छात्रवृत्तिबापतको बढी भुक्तानीबापतको रकम नेपाल बैङ्क लि चरिकोटको दाखिला फारम नं. ८११२३११बाट संघीय सञ्चित कोषको राजश्व शीर्षक नं १५१११ मा दाखिला भएको रु... | ३६०० |
| ८ | बढी भुक्तानी भएकोमा फिर्ताबापतको रकम जिरी नगरपालिकाको राजश्व रसिद नं.१३०० बाट स्थानीय सञ्चित कोषको बेरुजु शीर्षक नं १५१११ मा दाखिला भएको रु... | ८४७३ |
| ९ | विभिन्न भत्ता बढी भुक्तानी भएकोमा सो रकम फिर्ताबापत जिरी नगरपालिकाको राजश्व रसिद | ३७००० |

| | | |
|---|---|---|
| | नं.१२९८ बाट स्थानीय सञ्चित कोष बेरुजु शीर्षक नं १५१११ मा दाखिला भएको रु... | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **सेवा प्रवाह:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिकाले यस आ. व. मा प्रवाह गरेको सेवा प्रवाहको स्थिति देहायबमोजिमको रहेको छ ।

| **विवरण** | **निवेदन दर्ता** | **१-३५ दिनभित्र गरिएको दर्ता** | **३५ दिन नघाई गरिएको दर्ता** | **सेवा शुल्क दर** | **सिफारिस भएको संख्या** |
|---|---|---|---|---|---|
| जन्मदर्ता | ३६१ | ११८ | २४३ | ३५ दिन नाघी दर्ताको निवेदन प्राप्त भएको व्यक्तिगत घटनादर्ताको विलम्ब शुल्क रु.२००/- | ३६१ |
| मृत्युदर्ता | १४१ | ९० | ५१ | | १४१ |
| सम्बन्धविच्छेद दर्ता | २३ | ७ | १६ | | २३ |
| विवाहदर्ता | १४८ | ४० | १०८ | | १४८ |
| बसाईसरी आएको | १० | १० | ० | | १० |
| बसाईसरी गएको | ३३ | ३३ | ० | | ३३ |
| **जम्मा** | **७१६** | **२९८** | **४१८** | | **७१६** |

पालिकाबाट प्रवाह हुने सेवालाई अझै सहज, सरल र प्रभावकारी ढङ्गले प्रवाह गर्दै त्यसको व्यवस्थित अभिलेखीकरण समेत गर्नुपर्दछ ।

३ **वित्तीय विवरणको परीक्षण :**

३.१ **एकीकृत आर्थिक विवरण :-** आ. व. ०८०।०८१ को पालिकाले पेस गरेको एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | आय | | क्र. सं | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ० | १ | चालु (खर्च ) | २९५७३६७३२ |
| | सञ्चित कोष | ३७७८७४६३ | २ | पुँजीगत (खर्च) | १२०६६२७९३ |
| | धरौटी खाता | ८१९२३२८ | ० | चालु र पुँजीगत खर्च हुन बाँकी फिर्ता (ससर्त) | २७३३३८५१ |
| | प्रकोप व्यवस्थापन | २८०२५१६ | ३ | धरौटी फिर्ता (खर्च तथा फिर्ता) | ६४४४०९१ |
| | विभाज्य कोष | ० | ४ | कोष खर्च | ० |
| २ | यस वर्षको धरौटी आम्दानी | २८०२८४२ | | विविध कोष खाता | ० |
| ३ | आन्तरिक राजस्व आम्दानी | ० | | विविध खर्च खाता | ३७४०२८ |
| | आन्तरिक राजस्व | २०२३६०७६ | | प्रकोप व्यवस्थापन कोष | ० |
| | राजस्व बाँडफाँट प्रदेश सरकार | १९६८७८५१ | | विभाज्य कोष | ० |
| | राजस्व बाँडफाँट संघीय सरकार | ६८८२८२३३ | | कर्मचारी कल्याण कोष | १००१३४३ |
| | राजस्व बाँडफाँट स्थानीय सरकार | ० | ५ | अन्तरसरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | ० |
| ४ | संघीय सरकारबाट प्राप्त अनुदान | ० | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०४०००० |
| | वित्तीय समानीकरण अनुदान | ९३८३७००० | | सामाजिक सुरक्षा तथा संरक्षण | ७९८७८६१६ |
| | | ० | | पर्यटन पूर्वाधार कार्यक्रम | १८७५३८७ |
| | ससर्त अनुदान | २०५१८५००० | | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१२६०० |
| | समपूरक अनुदान | ३७५६३९५ | ६ | गत आ.व. मा सञ्चित कोषमा फरक | ३९१२१२ |
| | विशेष अनुदान | ० | | | ० |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | | | ० |
| | वित्तीय समानीकरण अनुदान | १०२३१००० | ७ | मौज्दात | ० |
| | ससर्त अनुदान | २४२९०००० | | सञ्चित बैंक मौज्दात | ६०१५१६५३ |
| | समपूरक अनुदान | १८१६८०६६ | | धरौटी मौज्दात | ४५५१०७८ |
| | विशेष अनुदान | ० | | विविध कोष खाता | ० |
| ६ | विभिन्न कोष तथा खर्च खाता तर्फको | ० | | विविध खर्च खाता | २८९५६९८ |

| | | | | |
|---|---|---|---|---|
| | आय | | | |
| | विविध कोषमा आम्दानी | ३२७०५०१ | कर्मचारी कल्याण कोष | २४९८६५७ |
| | महिला बालबालिका कोष | २६५२२५ | महिला बालबालिका कोष | २६५२२५ |
| | विविध खर्च खाता | २२६८३८२ | | ० |
| | प्रकोप व्यवस्थापन कोष | ० | प्रकोप व्यवस्थापन कोष | २८०२५१६ |
| | कर्मचारी कल्याण कोष | ३५००००० | | ० |
| | विभाज्य कोष | ० | | ० |
| ७ | अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | ० | | ० |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०४०००० | | ० |
| | सामाजिक सुरक्षा तथा संरक्षण | ७९८७८६१६ | | ० |
| | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१२६०० | | ० |
| | पर्यटन पूर्वाधार कार्यक्रम | १८७५३८७ | | ० |
| **जम्मा** | | **६०९३१५४८०।००** | **जम्मा** | **६०९३१५४८०।००** |

३.२ **वित्तीय प्रतिवेदन :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा सुत्र सफ्टवेयरवाट पालिकाको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ. व. को कारोबार | | गत आ. व. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| **१** | **राजस्व, अनुदान र अन्य प्राप्ति** | | | | |
| ११००० | कर | १०,५६,६७,९५२। ९९ | १०,५६,६७,९५२। ९९ | ५,१३,२८,२०२।२२ | ५,१३,२८,२०२।२२ |
| १३००० | अनुदान | ३२,८१,३३,६१०। ०० | ३२,८१,३३,६१०। ०० | ३९,८६,९१,४२२। ५४ | ३९,८६,९१,४२२। ५४ |
| १४००० | अन्य राजस्व | ५२,१५,६४४।७० | ५२,१५,६४४।७० | ४०,४७,९८६।१४ | ४०,४७,९८६।१४ |
| १५००० | विविध प्राप्ति | ६७,३९८।०० | ६७,३९८।०० | ७७,३१५।०० | ७७,३१५।०० |
| ३३१४३ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति | ० | ० | ८४,८१,६०२।०० | ८४,८१,६०२।०० |
| **क)** | **कुल जम्मा प्राप्ति** | ४३,९०,८४,६०५। ६९ | ४३,९०,८४,६०५। ६९ | ४६,२६,२६,५२७। ९० | ४६,२६,२६,५२७। ९० |
| **२** | **चालु** | २९,५७,३६,७३२। ४८ | २९,५७,३६,७३२। ४८ | ३०,३५,७८,७४५। ६३ | ३०,३५,७८,७४५। ६३ |
| २१००० | पारिश्रमिक / सुविधा | १६,२२,९६,४१५। ४४ | १६,२२,९६,४१५। ४४ | १२,२३,४२,२१९। २४ | १२,२३,४२,२१९। २४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,५३,६४,१३५।९२ | ७,५३,६४,१३५।९२ | १७,६३,७४,४००। १८ | १७,६३,७४,४००। १८ |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैङ्क कमिशन | ० | ० | ४०,०१,३४१।२१ | ४०,०१,३४१।२१ |
| २५००० | सहायता | २,८१,०२,९७३।०० | २,८१,०२,९७३।०० | २,००,०००।०० | २,००,०००।०० |
| २७००० | सामाजिक सुरक्षा | २,०१,१८,८२६।०० | २,०१,१८,८२६।०० | ३,३३,०००।०० | ३,३३,०००।०० |
| २८००० | अन्य खर्च | ९८,५४,३८२।१२ | ९८,५४,३८२।१२ | ३,२७,७८५।०० | ३,२७,७८५।०० |
| **३** | **पुँजीगत** | १२,०६,६२,७९३.३३ | १२,०६,६२,७९३.३३ | २२,८५,४२,८५१.९८ | २२,८५,४२,८५१.९८ |
| ३१११० | भवन तथा संरचना | १४,८५,०००।०० | १४,८५,०००।०० | ८४,८१,६०२।०० | ८४,८१,६०२।०० |
| ३११२० | सवारी साधन, मेसिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३७,८६,१५०।५३ | ३७,८६,१५०।५३ | ५६,०२,२४७।४९ | ५६,०२,२४७।४९ |
| ३११३० | अन्य पुँजीगत खर्च | ० | ० | १४,८५,२४३।७५ | १४,८५,२४३।७५ |
| ३११५० | सार्वजनिक निर्माण | ११,५३,९१,६४२। ८० | ११,५३,९१,६४२। ८० | २१,२८,२८,२५८। ७४ | २१,२८,२८,२५८। ७४ |
| ३११७० | पुँजीगत सुधार खर्च | ० | ० | १,४५,५००।०० | १,४५,५००।०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | ४१,६३,९९,५२५। ८१ | ४१,६३,९९,५२५। ८१ | ५३,२१,२१,५९७। ६१ | ५३,२१,२१,५९७। ६१ |
| **ग)** | **बचत /कमी (ग = क-ख )** | २,२६,८५,०७९।८८ | २,२६,८५,०७९।८८ | (६,९४,९५,०६९। | (६,९४,९५,०६९। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ७१) | ७१) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | (९४,९९,७९५।९३) | (९४,९९,७९५।९३) | २०,७०,७५८।७७ | २०,७०,७५८।७७ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी** | (७,२५,९२५।०९) | (७,२५,९२५।०९) | (१८,०७,६२३।५५) | (१८,०७,६२३।५५) |
| ङ) | **यस आ. व. को नगद तथा बैङ्क मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | १,३१,८५,२८३।९५ | १,३१,८५,२८३।९५ | (६,७४,२४,३१०। ९४) | (६,७४,२४,३१०। ९४) |
| च) | **गत आ. व. को नगद तथा बैङ्क मौज्दात** | ५,४८,१५,९१३।८६ | ५,४८,१५,९१३।८६ | १२,२२,४०,२२४। ८० | १२,२२,४०,२२४। ८० |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | ० | ० | ० | ० |
| ज) | **आ. व. अन्तको बाँकी नगद तथा बैङ्क मौज्दात ( ज= ङ+च+छ)** | ६,८०,०१,१९७।८१ | ६,८०,०१,१९७।८१ | ५,४८,१५,९१३।८६ | ५,४८,१५,९१३।८६ |

३.३ **वित्तीय विवरणको यथार्थता :-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७९८७८६१६।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२०४००००।००, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४१२६००।००, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.१८७५३८७।०० समेत गरी जम्मा रु.८४२०६६०३।०० सुत्रमा लेखाङ्कन गरेको छैन । सुत्रको म. ले. प. फा. नं २७०मा धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घटमा रु.९४९९७९६।०० ऋणात्मक देखिएको छ अर्थात् विभिन्न कोषतर्फ प्राप्ति भन्दा खर्च बढी देखिन्छ । सुत्रमा हिसाब समायोजनको व्यवस्था भएपनि के कति कारणले हिसाब समायोजन गरिएको हो र हिसाब किन ऋणात्मक देखाएको हो सो को आधार तथा कारण प्रष्ट खुलाई राखिएको छैन।अतः सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन । तसर्थ सबै आर्थिक कारोबारको यथार्थ चित्रण हुने वित्तीय विवरणको व्यवस्था गर्नुपर्दछ ।

३.४ **फरक हिसाब :-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण (आ. वि.) तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु.६०३३६०८।००, यस वर्षको प्राप्तिमा रु.१२१४४८५६८।००, यस वर्षको भुक्तानीमा रु.११९७५११२८।०० र बैंक मौज्दातमा रु.५१६३६२८।०० फरक देखिएको छ । पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणको अ.ल्या. रकम र सुत्रको अ.ल्या. रकम तथा बाँकी मौज्दात समेत फरक परेकोले सो सम्बन्धमा यकिन गर्नुपर्दछ । पालिकाले तयार गरेको आर्थिक विवरणमा संघ तथा प्रदेश सरकारलाई फिर्ता भएको रकमलाई पनि खर्च मानिएको र सुत्रको २७०-०१ले विभिन्न कोषको प्राप्ति भुक्तानी छुट्टाछुट्टै नदेखाई फरक मौज्दात मात्र देखाएको र अन्तरसरकारी अख्तियारीको रकम सुत्रमा नदेखिएकोले हिसाब फरक देखिएको छ।

| विवरण | गत वर्षको जिम्मेवारी | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात | कैफियत |
|---|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ५४८१५९१४।०० | (९४९९७९६।००) | ४३९०८४६०६।०० | ४१६३९९५२६।०० | ६८००११९८।०० | एकीकृत आ. वि. मा धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट रकम प्राप्ति तथा भुक्तानी महलमा एकमुष्ट रहेको |
| एकीकृत आर्थिक विवरणअनुसार | ४८७८२३०६।०० | ० | ५६०५३३१७४।०० | ५३६१५०६५४।०० | ७३१६४८२६।०० | |
| **फरक** | **६०३३६०८।००** | **(९४९९७९६।००)** | **१२१४४८५६८।००** | **११९७५११२८।००** | **५१६३६२८।००** | |

अतः पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था हुनुपर्दछ ।

३.५ **फरक जिम्मेवारी :-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । गत वर्ष म. ले. प. फा. नं. २७२ को विवरण लिएको तथा यस वर्ष म. ले. प. फा. नं. २७० को विवरण लिएको र सुत्रमा आर्थिक वर्ष समाप्ती तथा लेखापरीक्षण समाप्त भएपश्चात पनि हिसाब समायोजन गर्न सकिने व्यवस्था रहेको हुनाले गत वर्षको लेखापरीक्षणको क्रममा राखिएको म.ले.प.फा.नं. २७२ को विवरण र हाल लेखापरीक्षण गर्दाको म. ले. प. फा. नं. २७० को विवरण फरक-फरक देखिएको छ । गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.५६६२३५३७।०० मौज्दात रहेकोमा यस वर्ष सुत्रको म. ले. प. फा. नं. २७० अनुसार सुत्रमा रु.५४८१५९१४।०० मात्र जिम्मेवारी सारिएको देखिन्छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८०७६२३।०० घटी जिम्मेवारी सारेको रकम गत वर्षको म.ले.प.फा.नं. २७२ को करकट्टी दाखिला बाँकीसँग बराबर देखिएको छ । तापनि फरक जिम्मेवारी सोही रकम हो होइन सो सम्बन्धमा प्रष्ट नभएकोले यकिन गर्नुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **त्रैमासिक खर्च :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पुँजीगततर्फको त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | २९५७३६७३२।४८ | ६५६०९२१८।९० | ६२४१०५६६।२२ | ६६४०५९९६।०४ | १०१३१०९५१।३२ | ४११९०४९७।३६ |
| पुँजीगत खर्चतर्फ | १२०६६२७९३।३३ | ८५०००।०० | १२३३४६२४।२३ | ३०४३३९३४।१० | ७७८०९२३५।०० | ४६६११८०१।०० |
| **जम्मा** | **४१६३९९५२५।८१** | **६५६९४२१८।९०** | **७४७४५१९०।४५** | **९६८३९९३०।१४** | **१७९१२०१८६।३२** | **८७८०२२९८।३६** |
| **खर्च प्रतिशत** | | **१५.७७** | **१७.९५** | **२३.२६** | **४३.०२** | **२१.०७** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.४१६३९९५२५।८१ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.६५६९४२१८।९० (१५.७७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.७४७४५१९०।४५ (१७.९५ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.९६८३९९३०।१४ (२३.२६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१७९१२०१८६।३२ (४३.०२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८७८०२२९८।३६ (२१.०७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने तथा काम पहिल्यै सकिएकोमा भुक्तानी अन्तिममा गर्दा भुक्तानीमा समेत समस्या देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्च :-**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७१२९०००।०० | १५६९२६८९।८२ | ३.७६ |
| २ | पूर्वाधार विकास | १७७७५६७७२।०० | ९६३५३९७८।८० | २३.१३ |
| ३ | सामाजिक विकास | २५५८१३६५०।०० | २२६७७५९७७।८४ | ५४.४९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७४०००००।०० | ५८३१९९२।०० | १.४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९३०३२८५०।०० | ७१७४४८८७।३५ | १७.२२ |
| **जम्मा** | | **५६११३२२७२।००** | **४१६३९९५२६।००** | **७४.२०** |

प्रस्तुत विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा रु.२५ करोड ५८ लाख विनियोजन भएको छ भने सबैभन्दा कम संस्थागत विकास, सेवा प्रवाह र सुशासनको क्षेत्रमा रु.७४ लाख बजेट विनियोजन भएको छ । पालिकाको एकीकृत, समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

७ **आन्तरिक लेखापरीक्षण :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको अन्तरसरकारी हस्तान्तरित कार्यक्रमको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराएको भए पनि पालिकातर्फको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकामा आलेप शाखाको व्यवस्था भएता पनि कर्मचारी

नभएको कारणले आलेप नभएको पालिकाले जनाएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन कानुनमा तोकिएबमोजिम कर्मचारी नियुक्त गरी आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

८ **खर्च विश्लेषण :-**

पालिकामा यसवर्ष अनुदानबाट रु.३२,८१,३३,६१०।००, राजश्व बाँडफाँटबाट तथा अन्यबाट रु.८,९५,०८,०६७।२८ आन्तरिक आयतर्फ रु.२,०२,३६,०७५.९१ समेत रु.४३,९०,८४,६०५।६९ आम्दानी भएकोमा चालुतर्फ रु.२९,५७,३६,७३२।४८ र पुँजीगततर्फ रु.१२,०६,६२,७९३।३३ समेत रु.४१,६३,९९,५२५।८१ खर्च भएको छ भने खर्चमा आन्तरिक आयको हिस्सा ४.८५ प्रतिशत रहेको छ ।त्यस्तै पालिकाको बजेटको तुलनामा खर्चको प्रतिशत देहाय बमोजिमको रहेको छ ।

| विवरण | विनियोजन | खर्च | बजेटको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|
| पुँजीगत खर्च | १९,२३,१७,४४७।०० | १२,०६,६२,७९३।३३ | ६२.७४ |
| चालु खर्च | ३६,८८,१४,८२५।०० | २९,५७,३६,७३२।४८ | ८०.१९ |
| **जम्मा** | **५६,११,३२,२७२।००** | **४१,६३,९९,५२५।८१** | **७४.२०** |

कुल खर्च रकम रु.४१,६३,९९,५२५।८१ मध्ये ७१.०२ प्रतिशत चालु र २८.९८ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **योजना प्राथमिकीकरण :-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनोट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका योजनाहरु सञ्चालन गरेको छ ।

| विवरण | रु.१ लाखसम्म | रु. १ लाखदेखि ५ लाखसम्मका | रु. ५ लाखदेखि २० लाखसम्मका | रु. २० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| वडास्तरीय | ४१ | ८२ | २२ | ० | १४५ |
| पालिकास्तरीय | १२ | २० | ९ | ० | ४१ |

प्रस्तुत विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थः पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथिमिकीकरण र छनोट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१० **आन्तरिक नियन्त्रण प्रणाली :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहेको सम्बन्धमा यकिन गर्न सक्ने अवस्था देखिँदैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन,

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसूची २११ बमोजिम ढाँचामा तयार गरेको पाइएन,

• स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको देखिएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सोबमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गरेको पाइएन,

• पालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत राखेको पाइएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने उक्त कार्यविधिको पालना गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा पेस गरेको पाइएन,

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा सबै नगरवासीले नक्सा पास गर्ने गरी प्रभावकारी अनुगमन गरेको पाइएन,

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागु गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

११ **कर दायित्व :**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म. ले. प. फा. नं. २७०) तथा सुत्रको सहायक खाता (म. ले. प. फारम नं. २०७) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१,५४,९०९।०० दाखिला नगरी बाँकी देखिएको छ । यकिन भइसकेको निम्नानुसारका कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा के कति दाखिला भयो के कति बाँकी छ सोको यकिन गरी दाखिला प्रमाण पेस गर्नु पर्ने देखिएको रु...

| क्र.सं. | संकेत | शीर्षक | बजेट | डेबिट | क्रेडिट | दाखिला बाँकी |
|---|---|---|---|---|---|---|
| १ | ३३३१४ | मू. अ. कर -परामर्श तथा ठेक्का -३३३१४ | ०।०० | १३,२५,८५८।०० | १४,८०,७६७।०० | (१,५४,९०९।००) |
| **जम्मा** | | | **०।००** | **१३,२५,८५८।००** | **१४,८०,७६७।००** | **(१,५४,९०९।००)** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२१२,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२६,२९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५२,१३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५५,५३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३७,९५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२०८,५३९.२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५४,९०९ |

१२ **बैंक हिसाब मिलान :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म. ले. प. फा. नं. २१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातको अवस्था देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ६०५४२८६४।९६ | ६०१५१६५२।६३ (२०२४/०७/१५ को मौज्दात) | ३९१२१२।३० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ३८३६००।९६ | ५६५९५७९।९४ | ५२७५९७९।०० |
| विपद व्यवस्थापन खाता | २८०२८४१।५० | २८०२८४१।५० | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| विविध कोष खाता | ० | ० | - |
| धरौटी | ४५५१०७८।०४ | ४५५१०७८।०४ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | - | - | - |

पालिकाले म. ले. प. फा. नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।पालिकले मिति २०८०।०३।१० मा रु.५६ करोड ११ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१४ **न्याय सम्पादन :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त निम्नानुसारको विवरण अनुसार गतवर्षसम्मका फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष १४ विवाद दर्ता भएकोमा १४ वटै फछ्र्योट भएको देखिन्छ ।

| उजुरीको प्रकार | गत आ.व.मा फस्यौट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व.मा फस्यौट | फस्यौंट बाँकी |
|---|---|---|---|---|
| चरन, घाँस, दाउरा | - | - | - | - |
| गाली बेइज्जती | - | २ | २ | ० |
| साँध सिमाना | - | - | - | - |
| पारिवारिक मेलमिलाप | - | ९ | ९ | ० |
| ज्याला मजदुरी नपाएको | - | २ | २ | ० |
| जग्गा भोगचलन सम्बन्धी विवाद | - | १ | १ | ० |
| सामान्य कुटपिट | - | - | - | - |
| **जम्मा** | - | **१४** | **१४** | **०** |

१५ **कानुन निर्माण र कार्यान्वयन स्थिति :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ३ वटा नियमावली, ५६ कार्यविधि लगायत ८१ वटा कानुन निर्माण गरी राजपत्रमा समेत प्रकाशन गरी कार्यान्वयनमा ल्याएको विवरण उपलब्ध गराएको छ । पालिकालाई कार्य संचालनको लागि आवश्यक पर्ने आफ्नो क्षेत्राधिकार भित्रका अन्य कानुनहरु पनि समयमा नै निर्माण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१६ **वार्षिक खरिद योजना/गुरुयोजना :-**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न पुँजीगत शीर्षक अन्तर्गत रु.१२ करोड ६ लाख ६२ हजार पुँजीगत खर्च/खरिद/निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **ठेक्का व्यवस्था :-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनोट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २.८६ देखि ४५.६५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसूचीमा उल्लेख छ ।

(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१८ **वितरण प्रकृतिका खर्च :-**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा पूँजी सृजना नहुने खालका वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक व्यवस्था गरेको देखिन्छ । पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई न्यूनीकरण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रमका लागि तथा प्रस्तावको आधारमा पालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाइ महोत्सव, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमाआर्थिकसहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । यस्ता खर्चका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| क्र. सं. | भौ. नं. | मिति | पाउने | प्रयोजन | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ६०८ | २०८०।११।४ | दोलखा उद्योग वाणिज्य संघ | वृहत दोलखा महोत्सव | १००००० |
| २ | ९५४ | २०८१।३।१२ | दलित समूह | भाँडा खरिद | ५०००० |
| ३ | २५० पालिका पुँजीगत | | हिले निगाले शेर्पा समाज | भाँडा खरिद | १००००० |
| | ५०८ | २०८०।११।१ | पूर्वान्चल गन्धर्व सांस्कृतिक उत्थान समाजलाई लोक संस्कृति संरक्षण गर्ने सहयोग स्वरुप रकम भुक्तानी | लोक संस्कृति संरक्षण | ३०००० |
| जम्मा | | | | | २८०००० |

यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ।

१९ **अनुदान :-**

१९.१ **लाभग्राही किसान छनोटको आधार :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ मा आफूले सम्पादन गर्ने काम कारबाहीको प्रकृति अनुसार अर्थ मन्त्रालयले तर्जुमा गरेको मापदण्डको प्रतिकूल नहुने गरी खर्चको मापदण्ड (नर्म्स) बनाउन सक्ने व्यवस्था रहेको छ । लाभग्राही छनोट गर्दा सम्भाव्य लाभग्राहीमा सूचनाको पर्याप्त पहुँच पुग्ने गरी प्रसारण गर्ने, व्यवसाय गर्न आवश्यक स्थान, व्यावसायिक योजना, भौतिक पूर्वाधार, व्यावसायिक सीप, क्षमता, अनुभव, तत्परता, उत्सुकता, समाजमा पुर्‍याउने योगदान, गत विगतमा अनुदान पाए/नपाएको, तरलता[नगद]को अभाव रहे/नरहेको जस्ता सूचक राखी छनोटको अङ्क भारसहित वस्तुनिष्ठ मापदण्ड तयार गर्ने र सो अङ्कभारका आधारमा मूल्याङ्कनको मापदण्ड तयार गरी निष्पक्ष रुपमा लाभग्राही छनोट गर्ने गर्नुपर्नेमा छनोटको आधार उल्लेख गरेको देखिएन । वडा कार्यालय तथा विषयगत शाखाबाट अनुदान दिँदा पर्याप्त रुपमा सूचना प्रचार प्रसार गरेको देखिने प्रमाण संलग्न नगरेको तथा छनोटको आधार नखुलाई वडाको कार्यक्रममा राखी वडाको सिफारिसका आधारमा अनुदान दिएको पाईयो । यो वर्ष अनुदान वितरण भएका केही उदाहरण निम्नानुसार छन।

| क्र. सं. | गो. भौ. नं. | मिति | कार्यक्रम आयोजक | लाभग्राही | अनुदान विवरण | अनुदान पाउने संख्या | कुल लागत रकम रु. | पालिकाले व्यहोरेको रु. | लाभग्राहीले व्यहोरेको रु. | अनुदान प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २१० | २०८०।७।२३ | पालिका | माथिल्लो सिक्री पशुपालन तथा कृषि फर्म | १४ वटा बाख्रा वितरण | १४ जना | ३२०००० | १६०००० | १६०००० | ५० |
| २ | ७९९ | २०८१।२।२ | वडा नं ३ | ग वर्गका अपाङ्ग दलित | ६० वटा बाख्रा वितरण ३०जना | ३० जना | १७०००० | १७०००० | ० | १०० |
| ३ | ८३८ | २०८१।२।२ | लघु उद्यम शाखा | सिलाई लालिम सहभागी | १२ थान मेशिन | १२ जना | २२५००० | १८०००० | ४५००० | ८० |
| ४ | ९५९ | २०८१।३।१३ | कृषि प्रबर्धन कार्यक्रम | एच डि ईन्टर प्राईजेज तथा पशुपालन फार्म | १ टनेल | १ जना | ६६००० | ३३००० | ३३००० | ५० |
| ५ | ९८५ | २०८१।३।१८ | वडा नं ५को कृषि प्रबर्धन कार्यक्रम | फलामे टनेलमा नर्सरी | अंग कुमारी खत्री १ टनेल | १ जना | ५०००० | ५०००० | ० | १०० |
| ६ | | | वडा नं ५को कृषि प्रबर्धन कार्यक्रम | फलामे टनेलमा नर्सरी | कुमी जिरेल १ टनेल | १ जना | ५०००० | ५०००० | ० | १०० |
| ७ | | | वडा नं ५को कृषि प्रबर्धन कार्यक्रम | फलामे टनेलमा नर्सरी | जमुना शेर्पा १ टनेल | १ जना | ५०००० | ५०००० | ० | १०० |
| ७ | | | वडा नं ५को कृषि प्रबर्धन कार्यक्रम | फलामे टनेलमा नर्सरी | तुल्सिमाया तामाङ्नी १ टनेल | १ जना | ५०००० | ५०००० | ० | १०० |
| ८ | ९८६ | २०८१।३।१८ | वडा नं ४को कुखुरा पालन | गिरीराज चल्ला र दाना | जिरेल महिला समूह | १ समूह | १९९००० | १९९००० | ० | १०० |
| ९ | १०१३ | २०८१।३।१८ | वडा नं | ४ कृषक | मिनिटिलर | ४ | २०९६०० | १०८४०० | १०८४०० | ५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २को कृषि प्रबर्धन कार्यक्रम | | ४ थान | कृषक | | | | |
| १० | | | वडा नं २को कृषि प्रबर्धन कार्यक्रम | ४ कृषक | सिल्पोलिन प्लाष्टिक ९० जि.एस.एम. ७ थान | ४ कृषक | ३१५०० | १५७५० | १५७५० | ५० |
| ११ | १०८० | २०८१।३।२१ | वडा नं ३ महिला समूह आमा समूह | ११ वटा आमा समूह ७ वटा महिला समूह | ५४ थान ५०० लिटरको प्लाष्टिक ट्याङ्की | १८ समूह | २९९६९९ | १९९८०८ | १०००९१ | ६७ |
| १२ | २३१ न. पा. पुँजीगत | २०८१।३।३१ | ५० प्रतिशत अनुदानमा टनेल वितरण | कृष्ण कुमारी बुढाथोकी | फलामे टनेल | १ वटा | ७०८०४।९० | ३५४०२ | ३५४०२ | ५० |
| १३ | १८७ न. पा. पुँजीगत | २०८१।२।२२ | ५० प्रतिशत अनुदानमा टनेल वितरण | सल्ले फेदि कृषक समूह | फलामे टनेल | १ वटा | ७०८०४।९० | ३५४०२ | ३५४०२ | ५० |
| १४ | १८९ न. पा. पुँजीगत | २०८१।२।२२ | वडा नं २ को अनुदान | आङ निमा शेर्पा | कुटिर उद्योग काठका भाँडा | १ | ५०००० | २५००० | २५००० | ५० |
| | | | वडा नं २ को अनुदान | पासाङ लाक्पा शेर्पा | बाख्रा अनुदान | १ | ५०००० | २५००० | २५००० | ५० |
| जम्मा | | | | | | | | १३८६६७२।०० | | |

अनुदान वितरणलाई पारदर्शी, निष्पक्ष एवं सर्व स्वीकारयोग्य बनाई अनुगमन मूल्याङ्कन गरी अनुदान रकमको प्रभावकारिता बढाउनु पर्दछ ।

१९.२ **लाभग्राहीको अभिलेख :-** पालिकाले गत विगतमा विभिन्न व्यक्ति, संस्था र फर्मका लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको र यस वर्ष लाभग्राहीहरुलाई दिएको अनुदानको अभिलेख राखेको छैन । अभिलेख नराख्दा एउटै व्यक्ति/संस्थालाई पटक पटक अनुदान जानसक्ने र कतिपय संभावित लाभग्राहीले भने अत्यावश्यक भएका अवस्थामा समेत सेवासुविधा पाउनबाट बञ्चित हुनुपर्ने हुनसक्ने देखिन्छ ।आर्थिक वर्ष अनुसार लाभग्राहीको व्यक्तीगत, समूहगत र संस्थागत रुपमा पहिचान सहितको व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

२० **नगर विकास कोषको ऋण :-**

नगरपालिकाले शहरी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत लागत साझेदारीमा व्यापारिक कम्प्लेक्स भवन निर्माण गर्ने उद्देश्यले निर्माणको लागत अनुमान रू.१०,५८,०१,०००।00को ६६.१६ प्रतिशतले हुन आउने रकम रू. ७,००,००,०००।०० कोषले ऋण स्वरुप उपलब्ध गराउने र बाँकी रू. ३,५८,०१,०००।०० नगर कार्यपालिकाले बेहोर्ने गरी श्रोत व्यवस्थापन भई भवन निर्माणको लागि मिति २०७७।१२।२६ मा भ्याली जे जे पि / एम के जे भी, ललितपुरसँग रु.६७३३७८९५।२२ को सम्झौता भएकोमा प्राप्त कार्य सम्पन्न प्रतिवेदन बमोजिम मिति २०७९।९।२६ मा रु.६,६६,३३,५६६।९० मा उक्त भवन निर्माण सम्पन्न भएको देखिन्छ ।पालिकाले नगर विकास कोषसँग मिति २०७७।४।४ मा रु.७००००००००।०० (सात करोड)को ऋण सम्झौता गरी कोषबाट रु.५५६६२७९४।०४ ऋण लिएकोमा २०८०।८१ मा साँवा रु.२३२५०२५।२८ र व्याज रु.६१७४९४२।१३ गरी जम्मा रु.८४९९९६७।४१ भुक्तानी गरी साँवा रु.५१६६४७९२।३८ बाँकी रहेको देखिन्छ । मिति २०७९।९।२७ मा रु.६६६३३५६६।९० को भवन निर्माण सम्पन्न भएको २ वर्ष व्यतीत हुँदासम्म पनि व्यापारिक कम्प्लेक्स भवन भाडामा लागेको पाइएन ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाबाट नगर विकास कोषलाई ऋण दायित्व बापत भुक्तानी भएको विवरण निम्न बमोजिम रहेको छ ।

**आर्थिक वर्ष २०८०।८१ मा पालिकाबाट नगर विकास कोषलाई ऋण दायित्व बापत भुक्तानी भएको विवरण**

| क्र. सं. | आ. व. | गो.भौ. नं. | मिति | साँवा | व्याज | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०८०।८१ | १६५ | २०८०।७।१४ | ९४४०५०।९ | १९१२०५३।६४ | २८५६१०४।५४ |
| २ | २०८०।८१ | ४२७ | २०८०।१०।९ | ७१२१२२।०८ | २१५०७४४।४२ | २८६२८६६।५० |
| ३ | २०८०।८१ | १०७० | २०८१।३।२१ | ६६८८५३।३० | २११२१४४।०७ | २७८०९९७।३७ |
| **२०८०।८१ मा जम्मा** | | | | **२३२५०२६।२८** | **६१७४९४२।१३** | **८४९९९६८।४१** |

**ऋण सम्झौता** :- सम्झौताको सर्त २.१ अनुसार नेपाल सरकारबाट नगर विकास कोषलाई ऋणको रुपमा प्राप्त हुने रु.१ अर्ब वा कोषको आफ्नै इक्विटी रकम मध्येबाट कोषको सञ्चालक समितिको मिति २०७७/०३/१२ को १९० औं बैठकको स्वीकृत अनुसार जिरी नगरपालिकामा "व्यापारिक भवन तथा स्थानीय उत्पादन केन्द्र" (परियोजना कोड: 2196-UID-CO-L) निर्माणका लागि नगर विकास कोषको "लगानी निर्देशिका, 2015" बमोजिम नगरपालिकाको आर्थिक संभाव्यता लेखाजोखाका आधारमा उक्त आयोजना निर्माणका लागि लाग्ने कुल अनुमानित लागत रकम मूल्य अभिवृद्धि करसहित रू.१०,५८,०१,०००।०० (अक्षरेपी दश करोड अन्ठाउन्न लाख एक हजार) तोकी आयोजना निर्माणका लागि ऋण लिने दिने सम्झौता भएको देखिन्छ ।साथै सर्त नं २.३ अनुसार कुल अनुमानित लागतको ६६.१६ प्रतिशतले हुन आउने रकम रू. ७,००,००,०००।- (अक्षरेपी सात करोड मात्र) कोषले ऋण स्वरुप उपलब्ध गराउने र उक्त आयोजना कार्यान्वियनका लागि आवश्यक पर्ने उल्लेखित कुल अनुमानित लागतको ३३.८४ प्रतिशत बराबरले हुन आउने रू.३,५८,०१,०००।०० (अक्षरेपी तीन करोड अन्ठाउन्न लाख एक हजार मात्र) नगर कार्यपालिकाले व्यहोर्नु पर्ने गरी सहमति भएको देखिन्छ।

सम्झौताको सर्त नम्बर २.२६ मा कोषबाट प्राप्त ऋण जिरी नगरकार्यपालिकाले यस सम्झौतामा उल्लेखित अवधिभित्र साँवा व्याज नतिरी चुक्ता नगरेमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा नेपाल सरकारबाट जिरी नगरकार्यपालिकालाई उपलब्ध गराउने वित्तीय समानीकरण लगायत अनुदान समेतबाट असुल उपर गरिने उल्लेख छ । पालिकाको आधारभूत कार्य भन्दा अतिरिक्त कार्य गरी कडा सर्तको ऋण लिएको विषयमा अपेक्षित प्रतिफल हासिल हुन नसक्दा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम देखियो । यस विषयमा समयमै आवश्यक कदम चाल्नु पर्दछ ।

यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न बमोजिम रहेका छन्ः

२०.१ **बढी ऋण :-**

..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५,३२०,४४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२०.२ **निर्माण सम्पन्न पश्चात थप ऋण :-**

..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८,४८१,६०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२०.३ **भुक्तानी :-** कोष बाट प्राप्त ऋणको स्टेटमन्ट अनुसार ऋण रकम रु.५५६६२७९४।०० र पूँजीकृत साँवा रु.४५१९०३।४२ गरी जम्मा रु.५६११४६९७।४२ ऋण दायित्व रहेकोमा २०८१।३।३१ सम्म साँवा रु.४४४९९०५।०४ र व्याज रु.१०२२७३१०।६३ गरी रु.१४६७७२१५।६७ भुक्तानी भएको देखिन्छ । सो अनुसार साँवा रु.५११६६४७९२।३८ बाँकी देखिएको छ । साँवा रकम भुक्तानी गरी व्याज रकम घटाउनेतर्फ पहल हुनुपर्दछ ।

२०.४ **पुँजीकृत व्याज :-** सम्झौताको सर्त नम्बर २.२६ मा कोषबाट प्राप्त ऋण जिरी नगरकार्यपालिकाले यस सम्झौतामा उल्लेखित अवधिभित्र साँवा व्याज नतिरी चुक्ता नगरेमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा नेपाल सरकारबाट जिरी नगरकार्यपालिकालाई उपलब्ध गराउने वित्तीय समानीकरण लगायत अनुदान समेतबाट असुल उपर गरिने उल्लेख छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले रकम विनियोजन तथा खर्च गर्दा आफ्नो आन्तरिक आय समेतलाई विचार गरी नियमित बाहेकका अतिरिक्त खर्चका दायित्वहरु श्रृजना गर्नु पर्दछ ।नगर विकास कोषबाट प्राप्त यस ऋणको स्टेटमन्ट अनुसार रु.४५१९०३।४२ व्याजलाई पुँजीकृत गरेको देखियो । कडा सर्तको ऋण लिने तथा तोकिएको अवधिमा व्याज नतिरेको कारण व्याज पुँजीकरण भई थप व्ययभार परेको सम्बन्धमा जिम्मेवार सबैको ध्यानाकृष्ट हुनु पर्दछ । तोकिएको अवधिमा व्याज नतिरेको कारण व्याज पुँजीकरण भई थप व्ययभार पारेको नियम सम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ४,५१,९०३.४२ |

२०.५ **भाडा लगाउने प्रयोजनार्थ दर निर्धारण :-** पालिकाले २०८० असोज ३० मा भवन भाडामा लगाउन ३० दिनको सूचना प्रकाशन गरेकोमा भाडा नलागेको भनी सपिङ कम्प्लेक्स संचालन तथा व्यवस्थापन कार्यविधि २०८०को दफा ९ मा नव निर्मित भवनको प्रथम तलामा ११, दोश्रो तलामा १३, तेश्रो तलामा १०, चौथो तलामा १२ र पाँचौँ तलामा ४ गरी ५० वटा पसल राख्न मिल्ने १०२७२ वर्गफीटको लागि तला अनुसार प्रति वर्गफुट क्रमशः रु.१२०, ११०, १००, ७० र ५० राखी मासिक कुल रु.५२०२२८।०० भाडा निर्धारण गरेको पाइयो । उक्त दररेटमा भाडा नलागे पछि नगर विकास कोषले मिति २०८०।१२।२१ मा भाडा निर्धारणको लागि प्रथम तलामा ११, दोश्रो तलामा १३, तेश्रो तलामा १०, चौथो तलामा १२ र पाँचौँ तलामा ४ गरी ५० वटा पसल राख्न मिल्ने १०२७२ वर्गफीटको लागि तला अनुसार प्रति वर्गफुट क्रमशः रु. ६०, ८०, ५०, २५ र ३० भाडा निर्धारण गर्न आवश्यक रहेको सुझाव दिएको देखिन्छ। सोही बमोजिम भाडा परिमार्जन गरी दोश्रो पटक र २०८१।३।२५ मा ३० दिनको अवधि दिई तेश्रो पटक सूचना प्रकाशन गर्दासमेत सपिङ कम्प्लेक्स भाडामा लाग्न सकेको देखिएन । समयमै भाडा लाग्न नसक्दा मासिक रु.५२०२२८।०० का दरले वार्षिक रु.६२४२७३२।०० प्राप्त हुने आय गुमेको तथा व्याजबापत रु.६१७४९४२।१३ भुक्तानी गर्नुपर्दा जम्मा रु.१२४१७६७४।१३ व्ययभार थपिएको अवस्था छ । समयमै भाडा लगाउन आवश्यक कदम चाल्नु पर्दछ ।

२०.६ **भवनको उपयोगको लागि थप अध्ययन विश्लेषण हुनु पर्ने :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले रकम विनियोजन तथा खर्च गर्दा आफ्नो आन्तरिक आय समेतलाई विचार गरी नियमित बाहेकका अतिरिक्त खर्चका दायित्वहरु श्रृजना गर्नुपर्दछ । नगर विकास कोषबाट प्राप्त ऋणको स्टेटमेन्ट अनुसार ऋण रकम रु.५५६६२७९४।०० र पुँजीकृत साँवा रु.४५१९०३।४२ गरी रु.५६११४६९७।४२ ऋण दायित्व रहेकोमा २०८१।३।३१ सम्म साँवा रु.४४४९९०५।०४ र व्याज रु.१०२२७३१०।६३ गरी रु.१४६७७२१५।६७ भुक्तानी भएको देखिन्छ। सो अनुसार साँवा रु.५१६६४७९२।३८ बाँकी देखिएको छ । पटक पटक सूचना प्रकाशन गर्दा पनि भाडा लाग्न नसकेको अवस्थामा पालिकाले व्याज रु.१०२२७३१०।६३ भुक्तानी गरिसकेको छ । ऋण रकम रु.५५६६२७९४।०० र पुँजीकृत साँवा रु.४५१९०३।४२ गरी रु.५६११४६९७।४२ ऋण दायित्व रहेको सपिङ कम्प्लेक्स भाडामा लाग्न नसक्दा पालिकालाई थप व्ययभार पर्ने स्थिति रहेको छ । वस्तुनिष्ठ र यथार्थपरक सम्भाव्यता अध्ययन एवम् लागत लाभ विश्लेषण नभएको हो वा भाडा दर सामयिक नभएर हो के कारण भाडा नलागी पालिकाको दायित्व थपिँदै गएको हो यस सम्बन्धमा थप अध्ययन विश्लेषण हुनु पर्ने देखियो । उक्त भवनलाई जुन उद्देश्यले निर्माण गरेको हो सोही उद्देश्य र प्रयोजनमा प्रयोगमा ल्याई ऋण रकमको साँवा र व्याज चुक्ता गरी लाभ लिनुपर्दछ ।

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३४,७३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२२ **अन्य निकायको खर्च :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भर्पाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगेपछि मात्र भुक्तानी गर्नुपर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने उल्लेख छ । कुनै पनि निकायको काम, कर्तव्य, जिम्मेवारी र व्यवसाय अनुसारको कार्य सम्पादन गर्न सम्बन्धित निकायमा बजेट व्यवस्था गरिएको हुन्छ र व्यवस्था गरिनु पर्दछ । सुरक्षा निकाय, बैँक तथा वित्तीय संस्थाको जिम्मेवारी, कर्तव्य र व्यवसायसँग सम्बन्धित विषयमा सहयोग लिएबापत भत्ता वितरण गर्नु मनासिब देखिँदैन । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रयोजनार्थ स्थलगत सहजीकरण गरेबापत निम्नानुसार बैङ्क तथा सुरक्षा निकाय कर्मचारीलाई दैनिक भत्ता वितरण गरेको पाइयो ।पालिकाले बैँङ्कहरुसँग कारोबार गरिरहेको अवस्थामा निजहरुको व्यवसाय र सेवाग्राहीको सुविस्ताको लागि कार्यालय बाहिर गई सेवा प्रदान गरेबापत अतिरिक्त भत्ता लिनु दिनु मनासिब देखिँदैन । बैँक तथा वित्तीय संस्थासँग कारोबार गर्ने सम्झौता गर्दा नै यस्ता विषयमा सम्झौतामा नै सर्तहरु राख्नुपर्दछ । पालिकाले यस वर्ष भुक्तानी गरेका भत्ता रकममध्ये नमुना परीक्षणबाट देखिएका केही उदाहरण निम्न छन् । अन्य निकायको खर्च व्यहोर्ने कार्य नियमसम्मत नदेखिएको रु...

| क्र. सं. | गो. भौ. नं. | मिति | कार्यालय | विवरण | भत्ता रकम |
|---|---|---|---|---|---|
| १ | ८३१ | २०८१।२।६ | प्राइम बैंक | सहायक | २७००।०० |
| २ | ८३१ | २०८१।२।६ | प्राइम बैंक | सुरक्षा गार्ड | २२५०।०० |
| ३ | ८३१ | २०८१।२।६ | प्रभु बैंक | सहायक | ३९००।०० |
| ४ | ८३१ | २०८१।२।६ | इलाका प्रहरी कार्यालय, जिरी | प्रहरी जवान | ६६००।०० |
| ५ | ८३१ | २०८१।२।६ | प्रभु बैंक | सुरक्षा गार्ड | ३२५०।०० |
| ६ | ८३१ | २०८१।२।६ | प्राइम बैंक | सुरक्षा गार्ड | २२५०।०० |
| ७ | ५१९ | २०८०।११।९ | प्राइम बैंक | सहायक | २७००।०० |
| ८ | ५१९ | २०८०।११।९ | प्रभु बैंक | सहायक | ५१००।०० |
| ९ | ५१९ | २०८०।११।९ | इलाका प्रहरी कार्यालय, जिरी | प्रहरी जवान | ५१००।०० |
| १० | ५१९ | २०८०।११।९ | इलाका प्रहरी कार्यालय, जिरी | प्रहरी जवान | २७००।०० |
| ११ | ५१९ | २०८०।११।९ | प्रभु बैंक | सहायक | ५१००।०० |
| १२ | ५१९ | २०८०।११।९ | प्राइम बैंक | प्रबन्धक | २७००।०० |
| १३ | ५१९ | २०८०।११।९ | प्रभु बैंक | सुरक्षा गार्ड | ४२५०।०० |
| १४ | ५१९ | २०८०।११।९ | प्राइम बैंक | सुरक्षा गार्ड | २२५०।०० |
| **जम्मा** | | | | | **५०८५०।००** |

| अनियमित भएको | ५०,८५० |
|---|---|

२३ **विस्तृत परियोजना प्रतिवेदन :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा परामर्शदाताले प्रस्ताव पेस गर्दाको बखत आफ्नो मुख्य जनशक्ति र निजको योग्यता खुलाउनु पर्ने उल्लेख छ । पालिकाले जिरीदेखि चेर्दुङ सडक विकास आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न टीम लिडर[Highway/transport engineer] एक जना २१ कार्य दिन, वातावरण विज्ञ /वन विज्ञ/पर्यावरण विज्ञ ८ कार्य दिन, Geologist /Eng. Geologist /Geotechnical Engineer ६ कार्य दिन, Hydrologist ५ कार्य दिन, Socio Economist १० कार्यदिन, Civil Engineer ३ कार्य दिन तथा अन्य ६ किसिमका सहयोगी कर्मचारीले १३६ कार्य दिन काम गर्ने गरी रु.४९९७१।८५ को लागत अनुमान तयार गरी प्रस्ताव माग गरेको पाइयो । तीन प्रस्ताव दाताहरुमध्ये सबैभन्दा घटी रु.४९८८३८।५० कबोल गर्ने एस एस ईन्जिनियरिङ कन्स्ट्रक्सन प्रा. लि. ले पेश गरेको प्रस्तावमा मुख्य जनशक्तिको नाम, योग्यता र विज्ञता विवरण समावेश नगरी प्रस्ताव पेश गरेकोमा कार्यालयले प्रस्ताव स्वीकृत गरी परामर्श सेवा लिएको पाइयो । परामर्शदाताले अनुसन्धान तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारीमा संलग्न मुख्य जनशक्तिको नाम, योग्यता र विज्ञता विवरण समावेश नगरी प्रतिवेदन पेश गरी भुक्तानी माग गरेकोमा कार्यालयले सम्झौता अनुसारको रु.४८९८३८।०० भुक्तानी गरेको पाइयो । मुख्य जनशक्तिको शैक्षिक नाम, योग्यता र विज्ञता विवरण समावेश नगरी पेश भएको प्रतिवेदनको गुणस्तर र सोबाट आयोजना कार्यान्वयनमा हुने सम्भावित जोखिमलाई ध्यान दिएको देखिएन । मुख्य जनशक्तिको नाम, योग्यता र विज्ञता विवरण समावेश नगरी पेश गरेको प्रस्ताव र प्रतिवेदन स्वीकार गर्ने कार्य नियमसम्मत नदेखिएको रु...

| अनियमित भएको | ४,८९,८३८ |
|---|---|

२४ **शीतभण्डार :-**

तत्कालीन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं ३ र जिरी नगरपालिकाको कार्यालय दोलखाबीच २०७५।१२।१३ गते प्रदेशस्तरीय शीत भण्डार गृह निर्माणका गर्नका लागि द्वि-पक्षीय सम्झौता भएको देखिन्छ । उल्लेखित सम्झौता बमोजिम भ्याट र पी. एस. समेत स्वीकृत बोलपत्र रकम रु.५,३७,१६,४५४।२५ को ३० प्रतिशत रकम रु.१,६१,१४,९३७।०० साझेदार संस्थाका रुपमा रहेको जिरी नगरपालिकाले व्यहोर्नुपर्ने उल्लेख छ ।सो रकम सम्झौतामा तोकिएबमोजिमको किस्तामा मन्त्रालयको विविध खातामा जम्मा गरेको देखिन्छ । निर्माण व्यवसायी E. G. Infra Pvt. Ltd. सँग उक्त रकम ५०० मेट्रिक टन क्षमताको शीत भण्डार गृह निर्माण गर्ने सम्झौता भएको छ ।निर्माण कार्यको नापजाँच गर्ने, गुणस्तर हेर्ने, बिल बीजक तयार गर्ने लगायतको सम्पूर्ण कार्य मन्त्रालयका प्राविधिक इन्जिनियर र मन्त्रालयवाट नियुक्त परामर्शदाताबाट गरिने सम्झौतामा उल्लेख छ । निर्माण सम्पन्न भइसकेको हो वा होइन भन्ने सम्बन्धमा पालिकाले अनभिज्ञता जनाएको छ । उक्त भण्डारगृहको निर्माण सम्पन्न भई पालिकालाई हस्तान्तरण भएको, सञ्चालनमा आएको प्रमाण पेश हुन नआएकोले र सम्झौतामा निर्माण सम्पन्न भई हस्तान्तरण नभए सम्मको सम्पूर्ण जिम्मा मन्त्रालयको हुने उल्लेख भएको छ ।२०७८ असार मसान्तसम्म निर्माण सम्पन्न गरी सञ्चालनमा आइसक्नु पर्ने उक्त भण्डारगृह हालसम्म पनि सञ्चालनमा नआएकोले उक्त स्थानमा प्रयोग भएका विद्युतीय उपकरणहरु तथा अन्य संरचना संरक्षणको अभावमा बिग्रिने तथा समयसँगै संरचनाको क्षमतामा ह्रास हुँदै जाने अवस्था देखिन्छ । स्वामित्व स्पष्ट नभएको अवस्थाले गर्दा सञ्चालन र मर्मत सम्भार उचित रुपमा नभै लगानी व्यर्थ हुन सक्ने जोखिम रहेको देखिन्छ । यस सम्बन्धमा पालिकाले तदारुकता देखाई उक्त शीतभण्डार शीघ्र सञ्चालनमा ल्याउनुपर्दछ ।

२५ **निर्माण ठेक्काबाट सवारी साधन खरिद :-**

पालिकाले जिरी-हाटडाँडा-माथिल्लो सिक्री-वडा कार्यालय (वडा नं. ७)- जिरी धनमाले (वडा नं. ८)- ओडारे तल्लो भुसुने हुँदै वडा नं. ९ को कार्यालय जोड्ने सडक योजनाको लागि मूल्य अभिवृद्धि कर (मू. अ. कर.) र प्रोभिजनल सम/पी. एस. (रु.५८००००।००) तथा कन्टिन्जेन्सी (३%) समेत गरी जम्मा रु.२९९९९८४६।३७ को लागत अनुमान तयार गरी मिति २०८० फागुन ८ मा निर्माण व्यवसायी प्राजिल कन्स्ट्रक्सन प्रा. लि. सँग मू. अ. कर र पी. एस. समेत रु.१८५३५६३४।९१ मा सम्झौता भएको देखिन्छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः

२५.१ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आईटमहरु मात्र समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेको तथा सार्वजनिक लेखा समितिको निर्णय बमोजिम मिति २०६९।१।८ पश्चात ठेक्का सम्झौता गर्दा निर्माण कार्यसँग सवारी साधन खरिद लगायतका असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न निर्देशन जारी भएको छ । उक्त लागत अनुमान तयार गर्दा पी. एस. आइटम क्र. सं. 2 मा 1 दुईपांग्रे उपलब्ध गराउने (कम्तीमा 160सी सी को इन्जिन क्षमता भएको) भनी उल्लेख गरी रकम रु.४५००००।०० छुट्याएको देखिन्छ । उक्त निर्माण कार्यको तेश्रो रनिङ बिल मिति २०८१।३।२२ मा पेश भई नगरपालिका पुँजीगततर्फको मिति २०८१।३।२४ को गोश्वारा भौचर नं २६६ बाट रु.१८५८९८३।०० भुक्तानी हुँदा पी. एस. तर्फको आइटम नं २ बापत रकम रु.३१२०००।०० कायम भै भुक्तानी भएको देखिन्छ । उक्त रकमसँग सम्बन्धित बिल तथा कागजात परीक्षण गर्दा १ थान टी. भी. एस. अपाचे आर. टी. आर. 160 2भी एफ.डी. मोडेलको मोटरसाइकल खरिद गरेको कर बिजक पेश हुन आएको छ । यसरी सार्वजनिक खरिद नियमावली तथा सार्वजनिक लेखा समितिको निर्देशनको पालना नगरी खर्च गरिएको रकम नियमसंगत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ३,१२,००० |

२५.२ **बिल पेश नभएको :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२५.३ **जिन्सी दाखिला :-** मालसामान खरिद पश्चात जिन्सीमा दाखिला गर्नुपर्दछ । महालेखा नियन्त्रकको कार्यालयले सबै तहका सबै सरकारी कार्यालयहरुका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) प्रणाली प्रयोग तथा जिन्सी प्रविष्टी अनिवार्य गरेको छ । यस

ठेक्काबाट खरिद गरिएको उक्त टी.भी.एस. अपाचे आर.टी.आर. १६० २ भी एफ.डी. मोडेलको चेसिस नं. एमडी६३४बीई४७एन२जी००१८८ तथा इन्जिन नं. बीई४जीएन२५००१४७ रहेको ०४७-प-२७५६ नम्बरको निलो मोटरसाइकल पालिकाको नाममा नामसारी भई पाम्स प्रणालीमा प्रविष्ट गरी जिन्सी दाखिला भएको पाइएन । उक्त सवारी साधन शीघ्रातिशीघ्र नामसारी गरी पालिकाको सम्पत्तिका रुपमा दाखिला हुनुपर्दछ ।

२६ **जिरी अस्पतालदेखि गाई आनुवंशिक श्रोत केन्द्र जाने बाटो कालोपत्रे कार्य :-**

जिरी अस्पतालदेखि गाई आनुवंशिक श्रोत केन्द्र जाने ८०० मिटर बाटो कालोपत्रे गर्ने कार्य संघीय समपूरक योजनाको लागि रु.१४९९८२७०।५६को लागत अनुमान स्वीकृत भई बोलपत्र आव्हान भएकोमा सबै भन्दा घटी रु.१००१७०५४।०४ कबोल गर्ने पोखरी तान्वे कन्स्ट्रक्सन प्रा ली संग २०८०।१२।१८मा २०८१।३।१४ सम्ममा काम सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । यो वर्ष ५४६१९५९।२२ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराः

२६.१ **कार्यसम्पन्न नभएको :-** निर्माण सम्झौता गर्दा सम्झौताका सर्तहरुको अनिवार्य पालन गर्नुपर्दछ । पोखरी तान्वे कन्स्ट्रक्सन प्रा ली संग २०८०।१२।१८मा २०८१।३।१४ सम्म सम्पन्न गर्ने सम्झौता भएकोमा निर्माण व्यावसायीले जिरी महोत्सवको कारण सम्झौता बमोजिमको काम समयमा सम्पन्न गर्न नसक्ने भनी मिति २०८१।२।२५ मा म्याद थपको लागि निवेदन दिएकाले मिति २०८१।३।१५ को निर्णयले मिति २०८१।६।३० सम्म म्याद थप भएको छ । खरिद ऐन नियमावली तथा सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

२६.२ **पेश्की बाँकी :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रु **१४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

२७ **भारी उपकरणको प्रयोग :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिकाअन्तर्गत सञ्चालित कतिपय सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका भारी उपकरण प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नदेखिएकोले नियम संगत भएको देखिएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गो. भौ. नं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | भारी उपकरण | भारी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३७।०८०।९।२० | सडक सरसफाई उपभोक्ता समिति वडा नं ८ | सडक सरसफाई | १९४०००।०० | सुव्वा शैलुङ निर्माण सेवाको एक्स्क्याभेटर २ | २३०३५०।०० |
| ४८।०८०।९।२६ | ठिम्वासे वडा कार्यालय सडक तथा साङछ्यालिङ गुम्बा | सडक निर्माण | ९७००००।०० | सुब्बा शैलुङ निर्माण सेवाको एक्स्क्याभेटर ९ | ३२२७२८।०० |
| १६।०८०।८।२७ | चिहानडाँडा भेडिखोर सडक स्तरोन्नति | सडक निर्माण | ३८८०००।०० | जिरी निर्माण सेवा | १८३६४१।०० |
| ८४।०८०।१०।२२ | खसरे मानेभन्ज्याङ्ग ठुलोपातल सडक स्तरोन्नति उ. स. | सडक स्तरोन्नति | ३३९५००।०० | एस के कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २७८३०।०० |
| ९७।०८०।१०।१७ | नेपाने आहाले सुन्ट्याक सडक स्तरोन्नति उ. स. | सडक स्तरोन्नति | ९७००००।०० | क्षेत्रवती कन्स्ट्रक्सन प्रा लिको डोजर चलाएको | ४१०१९०।०० |
| १३।०८१।२।२ | शिउरानी कात्तिके हाँडीखोला सडक उ. स. | सडक निर्माण | २९१००००।०० | जिरी निर्माण सेवाको एक्स्क्याभेटर प्रयोग | १४९१६०।०० |
| ३।०८०।१०।१९ | सुनटेक राम्बोले सडक जिरी उ. स. | सडक निर्माण | २४२५०००।०० | सुव्वा शैलुङ निर्माण सेवाको एक्स्क्याभेटर प्रयोग विल १० र १३ | १६२६२९।०० |

२८ **भर्पाईको आधारमा भुक्तानी :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) (६) मा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न सक्ने व्यवस्था रहेको छ र बागमती प्रदेशको आर्थिक ऐन,२०८० मा ढुङ्गा, गिटी, बालुवा प्रति घनफीट रु.९ र माटो रु.३।५० का दरले पालिकामा राजस्व बुझाउनुपर्ने व्यवस्था रहेको छ ।साथै आयकर ऐन २०५८ मा भ्याट लाग्ने सामाग्रीमा रकम रु.२०००० सम्मको आर्थिक कारोबारमा पान बिलबाट कारोवार गर्न सकिने र सो भन्दा माथिको आर्थिक कारोबारमा भ्याट बिल जारी गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणका क्रममा कार्यालयले भुक्तानी दिएका केही उपभोक्ता समितिको बिलमा निर्माण कार्यमा आवश्यक पर्ने ढुङ्गा, गिट्टी र रोडा जस्ता सामाग्रीको बिल समावेश नगरी हस्तलिखित भर्पाईलाई आधार मानी भुक्तानी दिएको देखियो ।

| गोश्वारा भौचर नं. | उपभोक्ता समितिको नाम | बिक्रीकर्ताको नाम | सामाग्री र परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४८।०८०।९।२६ | ठिम्वासे वडा कार्यालय सडक तथा साङछ्यालिङ गुम्बा | सिसान खड्का | ढुङ्गा १६७ घ मि रु.८४० का दरले | १४०२८०।०० |
| ५५।०८०।१०।१० | लिंकन बजार लोसा चिज फ्याक्ट्रि सडक स्तरन्नोति योजना उ स | अम्वर वहादुर जिरेल | ढुङ्गा १२९ घ मि रु १६१० का दरले | २०७६९०।०० |
| ८४।०८०।१०।२२ | खसरे मानेभन्ज्याङ्ग ठुलोपातल सडक स्तरोन्नति उ स | मणिराज तामाङ | ग्राभेल खरिद २९२ घ मि प्रति घ मि ९९० | २८९०८०।०० |
| १०९।०८०।११।२१ | हाटडाँडा रेन्जे सडक स्तरोन्नति उ स | ओलक बहादुर जिरेल | ढुङ्गा ४१६.५0 घ मि रु.१२०० का दरले ढुवानी सहित | ४९९८००।०० |
| १३।०८१।२।२ | शिउरानी कात्तिके हाँडीखोला सडक उ स | कुमार खडकावाट २३५ घ मि,डम्वर वहादुर खड्कावाट २०१ घ मि,मोहन प्र उपाध्यायवाट २१६ घ मि,ललित व खड्कावाट २३४ घ मि | ढुङ्गा ढुवानीसहित २३५ घ मि रु १६८० का दरले,२०१ घ मि,२१६ घ मि,२३४ घ मि | १४८८४८०।०० |
| ७।०८०।१२।२६ | हाटडाँडा गुन्सा सिजेल सडक उ स | छत्र वहादुर जिरेल | ढुंगा बिक्री तथा ढुवानी ३०० घ मि १६८० का दरले | ५०४०००।०० |
| ३।०८०।१०।१९ | सुनटेक राम्बोले सडक जिरी उ स | जगत वहादुर सुनुवार | ढुङ्गा ९०४ घ मि १६८० का दरले वालुवा २ घ मि १६०० का दरले ढुवानी सहित | १५२१९२०।०० |

अतः यस्तो प्रवृत्तिमा नियन्त्रण गरी मू अ कर आकर्षित हुने सामाग्रीको मू अ कर बिल वा सम्बन्धित पालिकामा रोयल्टी/राजस्व बुझाएको रसिद संलग्न गरी आएको अवस्थामा मात्र भुक्तानी दिनुपर्दछ । ढुंगा, गिटी, बालुवा खरिदको भर्पाइबाट भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

## २९ मूल्य अभिवृद्धि कर बढी भुक्तानी :-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई तथा प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । मूल्य अभिवृद्धी कर, २०५३ को दफा १४ को उपदफा १ अनुसार मूल्य अभिवृद्धी करमा दर्ता भएको करयोग्य वस्तु वा सेवाको कारोवार गर्ने व्यक्ति, फर्म, कम्पनी, संस्था, निकाय आदिले कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो. भौ. नं. ८१/०८०।१०।२१ बाट भुमेथान गोरेटो बाटो निर्माण उपभोक्ता समितिलाई बाटो निर्माणको भुक्तानी दिँदा उपभोक्ता समितिले महालक्ष्मी हार्डवयर एण्ड सप्लायर्स (६१७६००९९४) को बिल नं ०१७,३८८,३८९, ३९१ र ३९२ बाट ९१ बोरा सिमेन्ट को रु.८१५।०० का दरले जम्मा रु.७४१६५।०० को पान बिल पेश गरेको देखियो। पालिकाले लागत अनुमान बनाउँदा जग तथा भित्तामा सिमेन्ट कंक्रिट १:२:४ कार्यमा सिमेन्टको भ्याट सहित दर रु.१७।७० राखी इष्टिमेट गरी सोहीबमोजिम भ्याट सहितको मूल्याङ्कन गरी उक्त कार्यमा भ्याट सहित रु.८००९३।०० मूल्याङ्कन गरेकोमा उपभोक्ताले भ्याट बापतको बिल पेश नगरेकोले उपभोक्ता समितिलाई भ्याटबापत बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,२१४ |

## ३० परामर्स तथा डी. पी. आर. खर्च

सार्वजनिक खरिद नियमावलीको नियम, ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद कार्यको क्षेत्रगत सर्त तयार गर्नुपर्ने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डी. पी. आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई रकम खर्च गरेको उपयुक्त देखिएन । डी. पी. आर. तयार गर्दा सकेसम्म

कार्यालयको प्राविधिक जनशक्तिवाटै गराई यस्तो खर्चमा न्यूनीकरण गर्नुपर्दछ । साथै प्राप्त प्रतिवेदनहरु अभिलेखको रुपमा लेखाकंन गरी त्यसको सार्थक कार्यान्वयनमा समेत ध्यान दिनुपर्दछ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| जिरी बाट चेर्दुंजाने सडक स्तरोन्नति योजना, जिरी-५ दोलखाको | S.S. Engineering,Koteshewor -32 Kathamandu | ५००००००।०० | ४९८८३८।५० | ६४४२२६१९९।९९ |
| झोलुङ्गे पुल निर्माण | एकीकृत सामुदायिक विकास प्रतिष्ठान नेपाल | ६२२२८८।०० | ६२२२८८।०० | नभएको |

## ३१ निर्माण कार्य व्यवस्थापन

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल योजना मध्ये ठेक्का मार्फत ५ वटा योजनामा रु.४३४४७५७२।६२ खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १८५ योजनामा रु.७४१८०९०५।६६ खर्च गरेको छ ।पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवम् व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाएबमोजिम रहेको छ ।

| कार्यक्रमको नाम | उपभोक्ता समितिबाट | | निर्माण व्यवसायीबाट | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| पूर्वाधार तर्फकायोजनाहरु | १८५ | ७४१८०९०५।६६ | ५ | ४,३४,४७,५७२।६२ |

## ३२ कार्यक्रम तथा योजना कार्यान्वियन नभएको :-

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा उपलब्धि मापन सूचक र कार्य तालिका सहितको कार्य योजना तयार गरी स्वीकृत बजेट तथा कार्यक्रम अनुसार बजेट कार्यान्वियन गर्नुपर्ने ,स्वीकृत कार्यक्रम तथा लक्ष्यअनुसार वार्षिक कार्यक्रम कार्यान्वियन नभएमा लेखा उत्तरदायी अधिकृत जिम्मेवार हुने व्यवस्था छ । यो कार्यक्रम कार्यान्वियन अन्तरगत निम्नानुसारका कृयाकलापको लागि बजेट व्यवस्था भएता पनि कार्यतालिका सहितको कार्ययोजना तयार गरी लक्ष्य अनुसार स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वियन गरेको पाइएन । सुत्रबाट प्राप्त निम्न विवरणबमोजिम कुल ७४ कार्यक्रम तथा योजना कार्यान्वियन नभई शून्य प्रगति रहेको देखिन्छ । कार्यक्रम कार्यान्वियन नहुँदा बजेटले अपेक्षा गरेको विकास तथा सर्वसाधारणको जनताको सेवा प्रवाहमा समेत प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ । उपलब्धि मापन सूचक र कार्य तालिका सहितको कार्य योजना तयार गरी स्वीकृत बजेट तथा कार्यक्रम अनुसार बजेट कार्यान्वियन गर्नुपर्दछ ।

(रु. हजारमा)

| सङ्केत | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | स्रोत | लक्ष | इकाई | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|---|---|---|
| १ | एक गाउँ एककृषि प्राविधिक (तलब साझेदारी) | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | ६५ | ० | ० |
| २ | एक गाउँ एकभेटेरिनरी प्राविधिक (तलब साझेदारी) | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | ६४ | ० | ० |
| ३ | एम. आई.एस. फिल्ड सहायकको लागि पारिश्रमिक साझेदारी । | राजस्वबाँडफाँड - संघीय सरकार | १० | पटक | २०० | ० | ० |
| ४ | कर्मचारीकोसामाजिक सुरक्षा कोष खर्च | नेपालसरकार - समानिकरण अनुदान | १० | संख्या | ६५० | ० | ० |
| ५ | कर्मचारीकल्याण कोष | राजस्वबाँडफाँड - संघीय सरकार | १० | संख्या | १५०० | ० | ० |
| ६ | सूचनाप्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपालसरकार - समानिकरण अनुदान | १० | संख्या | ५०० | ० | ० |
| ७ | एकीकृतपाठ्यक्रम तालीम | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ९५ | ० | ० |
| ८ | विद्यार्थीअतिरिक्त क्रियाकलाप | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ८० | ० | ० |
| ९ | आवश्यकऔजार खरिद (सर्जिकल टेवल,डग ट्र्याप केज) | नेपालसरकार - समानिकरण अनुदान | १ | पटक | २०० | ० | ० |
| १० | बालीसंरक्षण कार्यक्रम (जैविक विषादी तथा कृषि सामाग्री खरिद कार्यक्रम) | नेपालसरकार - समानिकरण अनुदान | १ | N/A | १५० | ० | ० |
| ११ | अभिभावकशिक्षा तथा वि.व्य स अध्यक्षहरुका लागि तालीम | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | १५० | ० | ० |
| १२ | पोषणपुनस्थापना केन्द्र संचालन खाद्यन्न खरिद | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ४०० | ० | ० |
| १३ | स्वास्थ्यशाखाको तालिम हल तथा बैठक कक्ष निर्माण तथा ब्यवस्थापन | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | २७० | ० | ० |
| १४ | खोपकेन्द्र र गाउँघर क्लिनिक ब्यबस्थापनको लागि फर्निचर खरिद | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | १५० | ० | ० |
| १५ | विद्यालयलेखा व्यवस्थापन तालीम | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ८० | ० | ० |
| १६ | आइसिटीतालिम | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | १०० | ० | ० |
| १७ | होजियारीतालिम (साझेदारी) | राजस्वबाँडफाँड - संघीय सरकार | १ | N/A | २०० | ० | ० |
| १८ | नगर शिक्षायोजना निर्माण बैठक तथा कार्यशाला | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | १५० | ० | ० |
| १९ | दलित,जनजाती,अपांगता लक्षित समूह मागमा आधारित कार्यक्रम | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | ३०० | ० | ० |
| २० | नर्सरीस्थापना तथा ब्यवस्थापन कार्यक्रम वडा नं. ८ थलारी | आन्तरिकश्रोत | १ | पटक | ३०० | ० | ० |
| २१ | शिक्षकपरिचयपत्र निर्माण | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ५ | ० | ० |
| २२ | अपाङ्गताभएका बालबालिकालाई स्वास्थ्य सचेतना तथा अभिमुखिकरण कार्यक्रम | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | १०० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | स्काउट टुपलालिम | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | २९० | ० | ० |
| २४ | विद्यालयबस सञ्चालन थप सहयोग | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | ० | ० | ० |
| २५ | विषयगतशिक्षक तालीम निमावि तथा मावि | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | २५० | ० | ० |
| २६ | कक्षा ५ कोस्तरीकरण परीक्षा | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ७० | ० | ० |
| २७ | नागरिकवडापत्र अधावधिक गर्ने | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | ५० | ० | ० |
| २८ | वडा सचिवतथा वडा कर्मचारीहरुलाई VERSP-MIS सम्बन्धी त्रैमासिक अनुशिक्षण कार्यक्रम । | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | १२० | ० | ० |
| २९ | योजनातर्जुमा सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम | राजस्वबाँडफाँड - संघीय सरकार | १ | N/A | २३८ | ० | ० |
| ३० | मनोबिमर्शसम्बन्धि तालिम | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | २०० | ० | ० |
| ३१ | कर्मचारीतथा जनप्रतिनिधिहरुलाई पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिमुखीकरणकार्यक्रम । | राजस्वबाँडफाँड - संघीय सरकार | १ | N/A | २०० | ० | ० |
| ३२ | खेलकुदकालागि घरभाडा (जिरी उद्योग वाणिज्य संघ ) | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | N/A | ६० | ० | ० |
| ३३ | MGML कक्षाव्यवस्थापन | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ४०० | ० | ० |
| ३४ | कान्लेघाँस (सुपर नेपियर) खरिद तथा वितरण कार्यक्रम | नेपालसरकार - समानिकरण अनुदान | १ | पटक | १५० | ० | ० |
| ३५ | महिलाउत्थान कार्यक्रम वडा नं २ | नेपालसरकार - समानिकरण अनुदान | १ | संख्या | २०० | ० | ० |
| ३६ | बिपन्नगर्भवती एम्बुलेन्स सेवा (५० जना) | राजस्वबाँडफाँड - संघीय सरकार | १० | संख्या | १६४ | ० | ० |
| ३७ | बिपन्नगर्भवती एम्बुलेन्स सेवा (५० जना) | राजस्वबाँडफाँड - प्रदेश सरकार | १० | संख्या | ८५ | ० | ० |
| ३८ | छात्रवृत्ति | राजस्वबाँडफाँड - संघीय सरकार | १० | संख्या | १४० | ० | ० |
| ३९ | जिरीप्राविधिक शिक्षालयमा अध्ययनरत जिरी नगरपालिका भित्रका उत्कृष्टविद्यार्थीहरूलाई छात्रवृत्ती(नगर स्तरीय) | नेपालसरकार - समानिकरण अनुदान | ५ | संख्या | ५०० | ० | ० |
| ४० | उद्दार,राहत तथा पुनर्स्थापना खर्च | नेपालसरकार - समानिकरण अनुदान | १० | संख्या | ९५६ | ० | ० |
| ४१ | सवारी साधनतथा मेशिनर औजार भाडा | राजस्वबाँडफाँड - प्रदेश सरकार | १० | संख्या | २५० | ० | ० |
| ४२ | २०७९/८० कोबहाल कर | आन्तरिकश्रोत | १ | संख्या | ६ | ० | ० |
| ४३ | २०७९/८० कोअन्य कट्टी दाखिला गर्नु पर्ने | आन्तरिकश्रोत | १ | संख्या | ५७६ | ० | ० |
| ४४ | किवीप्रशोधन कार्यक्रम अन्तर्गत ५० % अनुदानमा मेशिनरी सामाग्री वितरण कार्यक्रम | नेपालसरकार - समानिकरण अनुदान | १ | पटक | ५०० | ० | ० |
| ४५ | देउरालीआ.वि. कम्प्युटर खरिद योजना | नेपालसरकार - समानिकरण अनुदान | १ | संख्या | ५० | ० | ० |
| ४६ | सडक बोर्डसंगको साझेदारी योजना म्याचिङ फण्ड | आन्तरिकश्रोत | १० | संख्या | २००० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | सडक बोर्डनेपालको अनुदानमा सञ्चालित हुने योजना | सडक बोर्ड | १० | संख्या | ४७०० | ० | ० |
| ४८ | जिरीनगरपालिका वडा नं ८ लाइ हाइड्रोबाट प्राप्त रकमको खर्च | आन्तरिकश्रोत | १ | N/A | १०००० | ० | ० |
| ४९ | सिम्खर्कमेहेले झोपु,घट्टे खोला,सल्लेफेदी झोपु १,सल्लेफेदी झोपु २ जिरी नगरपालिका,गोङ खोला झोपु,ढुङ्गे खोला इम्बा झोपु,ढुङ्गे खोला केसेरे झोपु,दोलखा,खोलेण्डे झोपु जिरी वडा नं ५ र ६ जोड्ने जिरी खोलामा (जिरी प्राविधिक शिक्षालय,)१०२ लागी लागत सहभागिता | नेपालसरकार - समानिकरण अनुदान | १ | N/A | ७०० | ० | ० |
| ५० | जैविकपार्क निर्माण (किमाने सामुदायिक वन क्षेत्रमा) | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | ४०० | ० | ० |
| ५१ | जिरीनगरपालिकालाइ हाइड्रोबाट प्राप्त रकमको खर्च हुने रकम | आन्तरिकश्रोत | १ | N/A | ५००० | ० | ० |
| ५२ | जिरीनगरपालिका वडा नं ८ लाइ हाइड्रोबाट प्राप्त रकमको खर्च | आन्तरिकश्रोत | १ | N/A | १०००० | ० | ० |
| ५३ | कोल्डस्टोरनिर्माण तथा व्यवस्थापन म्याचिङ फण्ड | आन्तरिकश्रोत | १० | संख्या | ३६०० | ० | ० |
| ५४ | अन्यकार्यक्रमको लागि लागत सहभागिता | नेपालसरकार - समानिकरण अनुदान | १० | पटक | १८०० | ० | ० |
| ५५ | कोल्डस्टोर/रिक्रियसन हल ब्यवस्थापन जिरी-५ | नेपालसरकार - समानिकरण अनुदान | १ | संख्या | १०३२ | ० | ० |
| ५६ | प्रदेशसरकारबाट प्राप्त समपुरक अनुदान तर्फबाट कार्यक्रम सञ्चालन गर्न नगरपालिकाबाटसहभागिता | आन्तरिकश्रोत | १० | पटक | ३०१७ | ० | ० |
| ५७ | विभिन्नपार्क संरक्षण तथा व्यवस्थापन | राजस्वबाँडफाँड - संघीय सरकार | १ | पटक | १६५ | ० | ० |
| ५८ | विभिन्नपार्क संरक्षण तथा व्यवस्थापन | राजस्वबाँडफाँड - प्रदेश सरकार | १ | पटक | ८३५ | ० | ० |
| ५९ | एक पालिकाएक भेटेरिनरी डाक्टर | नेपालसरकार - शसर्त अनुदान चालु | ४ | पटक | ५३८ | ० | ० |
| ६० | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | नेपालसरकार - शसर्त अनुदान चालु [ युरोपियनयुनियन - नगद अनुदान (बैदेशिक)] | ३ | संख्या | १५० | ० | ० |
| ६१ | CTEVT काआङ्गिकशिक्षालयसँगको समन्वयमा उद्यमशीलता विकास सीपमूलक तालिम सञ्चालन | नेपालसरकार - शसर्त अनुदान चालु | २ | संख्या | ५०० | ० | ० |
| ६२ | इपिडेमियोलोजिकलरिपोर्टिङ्ग | नेपालसरकार - शसर्त अनुदान चालु | १ | पटक | १२ | ० | ० |
| ६३ | आ.व. 2079/80 मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता | नेपालसरकार - शसर्त अनुदान चालु | २ | पटक | ५०० | ० | ० |
| ६४ | किशोरकिशोरीस्वास्थ्य सेवा | नेपालसरकार - शसर्त अनुदान चालु | ४ | पटक | ११६ | ० | ० |
| ६५ | रोजगारीसृजना थप | नेपालसरकार - शसर्त अनुदान चालु [ आई डि ए | १ | पटक | ९ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | -सोधभर्ना हुने ऋण (बैदेशिक)] | | | | | |
| ६६ | कोभिड-१९बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताकालागि कार्यक्रम | नेपालसरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. -सोधभर्ना अनुदान (बैदेशिक)] | १ | पटक | ६१ | ० | ० |
| ६७ | महामरी/आकास्मिकरोग नियन्त्रण कार्यक्रम | नेपालसरकार - शसर्त अनुदान चालु | २ | संख्या | १०० | ० | ० |
| ६८ | पोषणसुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूकोआयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | नेपालसरकार - शसर्त अनुदान चालु [ युरोपियनयुनियन - नगद अनुदान (बैदेशिक)] | १ | संख्या | ६०० | ० | ० |
| ६९ | शैक्षिकसुशासनका लागि सस्थागत क्षमता विकास,विद्यार्थी परीक्षण मुल्याङ्कन,शिक्षकमेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | नेपालसरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. -सोधभर्ना हुने ऋण (बैदेशिक)] | ४ | संख्या | १७५ | ० | ० |
| ७० | शैक्षिकपहुँच सुनिश्चितता,अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय,साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपालसरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. -सोधभर्ना अनुदान (बैदेशिक)] | १ | संख्या | १४९ | ० | ० |
| ७१ | सार्वजनिकविद्यालयका विद्यार्थीहरुका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान | नेपालसरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. -सोधभर्ना अनुदान (बैदेशिक)] | २ | संख्या | १८७ | ० | ० |
| ७२ | कृषि तथापशुपालन प्रवर्द्धन कार्यक्रम,जिरी ७ | बागमती प्रदेश - शसर्त अनुदान चालु | २ | संख्या | १००० | ० | ० |
| ७३ | फलफुलप्रवर्द्धन (किबी प्रशोधन केन्द्र स्थापना कार्यक्रम,जिरी ७ | बागमती प्रदेश - शसर्त अनुदान चालु | १ | गोटा | १५०० | ० | ० |
| ७४ | मौरीपालनविकास कार्यक्रम,जिरी-८ | बागमती प्रदेश - शसर्त अनुदान चालु | २ | संख्या | १००० | ० | ० |
| **जम्मा** | | | | | **६१०१०** | | |

३३ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३४ **लागत अनुमान तथा दर विश्लेषण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तथा दर विश्लेषणको लागि नियम १४८ अनुसार दररेट निर्धारण समितिबाट ज्याला, निर्माण सामग्री तथा ढुवानीको दररेट निर्धारण हुने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्यालाको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था छ ।

पालिकाले यस आ वमा दोलखा जिल्ला दररेट समितिको दररेटलाई प्रयोग गरेको र जिल्ला दररेटमा समावेश नभएको सामाग्रिको हकमा काठमाडौंको जिल्ला दररेटमा ढुवानी लागत समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्ने गरेको पाइयो। उपभोक्ता समिति मार्फत् निर्माण भएका योजनाहरुको बिल, भर्पाई परीक्षण गर्दा उल्लिखित Non-Local निर्माण सामग्री स्थानीय बजार जिरीमा नै खरिद गरेको पाइएको र ती सामग्रीको दररेट कार्यालयले ढुवानी लागत विश्लेषण गरी तय गरेको दरभन्दा सस्तो रहेको पाइयो । निर्माण सामग्री स्थानीय बजारमा नै उपलब्ध हुने अवस्थामा अन्य दोस्रो वा तेस्रो जिल्लाको दररेट प्रयोग गरिरहनुपर्ने आवश्यकता देखिँदैन । अधिकांश स्थानीय व्यवसायीले कार्यालयले तय गरेको दरभन्दा न्यून दरमा नै स्थानीय बजारम निर्माण सामग्री उपलब्ध गराएको देखिएकोले त्यहाँदेखिको ढुवानी लागत समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्दा पालिकालाई ठुलो व्ययभार परेको देखिएको छ । उपभोक्ता समिति मार्फत् निर्माण कार्य भएका केहि योजनाहरुको बिल, भर्पाई परीक्षण गर्दा सिमेन्टमा कार्याललले निर्धारण गरेको दररेटभन्दा स्थानीय व्यवसायीको दररेट देहाय अनुसार न्यून रहेको पाइयोः-

| **गौ भौ र मिति** | **उपभोक्ता समिति** | **पालिकाले तय गरेको लागत अनुमान अनुसार प्रति एकाइ दरढुवानी सहित भ्याट वाहेक रु.** | **निर्माण सामग्री** | **उपभोक्ता समितिले पेश गरेको बिलबमोजिम स्थानीय सप्लायर्सको मुल्य** | |
|---|---|---|---|---|---|
| | | | | **सप्लायर्स र ठेगाना** | **दर मू. अ. करबाहेक** |
| २०९। ०८१।३। ४ | सल्ले ठुलोखोला लिफ्ट खानेपानी स्तरोन्नती | ८०७ | सिमेन्ट २० वोरा | आर के हार्डवेयर ,वैतेश्वर मैनापोखरी ६००१२५०९९ | ७०७ |
| ५५। ०८०। १०।१० | लिंकन बजार लोसा चिज फ्याक्ट्रि सडक स्तरन्नोति योजना उ स | ८०७ | सिमेन्ट२३५ वोरा | अनोज भाडा तथा हार्डवयर सेन्टर जिरी ६०००४६८४४ | ६५० |
| ७।०८०। १२।२६ | हाटडाँडा गुन्सा सिजेल सडक उ स | ८०७ | सिमेन्ट ७३९ | मनकामना सप्लायर्स ६००२११९२३ विल १९९ | ५४८ |

अतः यस सम्बन्धमा छानबिन गरी यसबाट पर्न गएको थप व्ययभार यकिन गर्नुपर्दछ साथै निर्माण सामग्री स्थानीय बजारमा नै उपलब्ध हुने अवस्थामा अन्य जिल्लाको दररेट प्रयोग नगरी स्थानीय दररेट निर्धारण गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

### ३५ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले बजेट खर्चको बढीमा ४ प्रतिशत सम्म कन्टिन्जेन्सी बापतको रकम खर्च गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष विभिन्न योजनाबाट कन्टिन्जेन्सी रु.९१७४२५।०० खर्च गरेको देखिन्छ । योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन । नगरी नहुने काममा मात्र कन्टिन्जेन्सी रकम खर्च गरी कन्टिन्जेन्सी खर्चलाई मितव्ययी र नियन्त्रणमुखी बनाउनुपर्दछ ।

| कन्टिन्जेन्सीको विवरण | खर्च रकम |
|---|---|
| ज्याला | ०।०० |
| दैनिक भ्रमण भत्ता | २२०१७०।०० |
| इन्धन | ०।०० |
| मर्मत | ०।०० |
| मसलन्द | ३४५७०५।०० |
| निर्माण खर्च | १८०५०।०० |
| सम्बन्धित विभागमा पठाएको | ०।०० |
| अन्य | ३३३५००।०० |
| जम्मा | ९१७४२५।०० |
| खर्च गर्न पाउने कन्टिन्जेन्सी | ३६०००००।०० |
| घटी बढी रकम | २६८२५७५।०० |

३६ **अनुगमन भ्रमण :-**

भ्रमण खर्च नियमवाली २०६४ बमोजिम सवारी साधन चल्ने सोही दिन फर्किन सकिने स्थानमा भ्रमण गर्दा २५ प्रतिशत खाजा भत्ताको व्यवस्था छ । पालिकाले दुरी र भौगोलिक विकटताको आधारमा निर्णय गरी २० किलोमिटर सम्म दैनिक भत्ता नदिने सो भन्दा बढी सोही दिन फर्किन सकिनेमा २५ प्रतिशत खाजा भत्ता मात्र दिने तथा सवारी साधन नचल्ने सोही दिन फर्किन सम्भव नहुने स्थानमा भ्रमण गर्दा मात्र दैनिक तथा भ्रमण भत्ता दिने गरी स्थानको वर्गीकरण गरी भ्रमण खर्च उपलब्ध गराउनु पर्नेमा सो गरेको देखिएन । उदाहरणको लागि निम्नानुसार भ्रमण खर्च भुक्तानी गर्दा दुरी उल्लेख गरेको पाईएन । दुरी र भौगोलिक विकटताको आधारमा स्थानको वर्गीकरण गरी भ्रमण खर्च उपलब्ध गराउनु पर्दछ ।

| सिन | भौ नं | मिति | कार्यालय | नाम | भत्ता रकम |
|---|---|---|---|---|---|
| १ | ८३१ | २०८१।२।६ | प्राइम बैक | गोपाल कार्की | २७०० |
| २ | ८३१ | २०८१।२।६ | प्राइम बैक | छत्र बहादुर जिरेल | २२५० |
| ३ | ८३१ | २०८१।२।६ | प्रभु बैक | निराजन सापकोटा | ३९०० |
| ४ | ८३१ | २०८१।२।६ | इप्रका जिरी | राजन शिलवाल | ६६०० |
| ५ | ८३१ | २०८१।२।६ | प्रभु बैक | रामबहादुर जिरेल | ३२५० |
| ६ | ८३१ | २०८१।२।६ | प्राइम बैक | सुरज कार्की | २२५० |
| ७ | ५१९ | २०८०।११।९ | प्रभु बैक | सार्कीराम जिरेल | ४२५० |

३७ **तलवी प्रतिवेदन :-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय कर्मचारी प्रमुख प्रशासकीय अधिकृत १,सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २१ कर्मचारीको रु.७१०६९२८ र पालिकाका स्थायी कर्मचारी १२ को रु ६५९९६२८ समेत रु १४६३२७८१. तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न

पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| क्र. सं. | कर्मचारीको प्रकार | संख्या | वार्षिक तलव |
|---|---|---|---|
| १ | संघीय कर्मचारी प्रमुख प्रशासकीय अधिकृत | १ | ९२६२२५ |
| २ | पालिका स्थायी कर्मचारी | २१ | ६५९९६२८ |
| ३ | संघीय ससर्त अनुदानबाट तलब खाने | ४४ | ७१०६९२८ |
| जम्मा | | | १४६३२७८१ |

३८ **पालिका स्रोतबाट विद्यालयका कर्मचारी तथा बालविकास सहजकर्ताको पारिश्रमिक :-**

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी मिलान गर्न नेपाल सरकारसँग अनुरोध गरी दरबन्दी कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले राजस्व बाँडफाँट तथा आन्तरिक स्रोतबाट विद्यालयका कर्मचारी तथा बालविकास सहजकर्ताको पारिश्रमिक रु.५९४४८२४।०० खर्च लेखेको छ। दरबन्दी मिलानपश्चात शिक्षक सेवा आयोगबाट स्थायी रुपमा पदपूर्ति प्रयोजन सिफारिस हुने पदहरु माग गरी पदपूर्ति प्रकृया अगाडि बढाउने तथा आयोगबाट पदपूर्ति नहुने अन्य पदका लागि आन्तरिक आयको दिगो स्रोत व्यवस्थापन भएपश्चात मात्र व्यवस्था गरी खर्च गर्नु पर्दछ ।

| सिनं | प्रकार | विद्यालय संख्या | शिक्षक/कर्मचारी | वार्षिक तलव | कैफियत |
|---|---|---|---|---|---|
| १ | बालविकस सहजकर्ता | २६ | २६ | ५५५००००।०० | ४ जना पूर्णरुपमा नगरपालिका अनुदान |
| २ | पालिका स्रोत शिक्षक | १ | १ | ३९४८२४।०० | |
| **जम्मा** | | | | **५९४४८२४।००** | |

३९ **आन्तरिक आयको तुलना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (रु. हजारमा) | आन्तरिक आय (रु. हजारमा) | आन्तरिक आय केन्द्रीय अनुदान खर्चमा प्रतिशत तुलना |
|---|---|---|
| ३०९२८७ | २०२३६ | ६.५४ |

माथिको विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.५४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ देखि दफा ६० सम्म पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र एकीकृत सम्पत्ति कर र घरजग्गा कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर लगायतको कर तथा सेवा शुल्क उठाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर आदि बापत रु.३,५५,००,०००।

०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु २,०२,३६,०७६।०० अर्थात करिव ५७ प्रतिशत आय गरेको छ । पालिकाले यो वर्ष विभिन्न शीर्षकमा गरेको आय अनुमान र असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिक अनुमानितआय | आम्दानी | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | १०००००० | ७१०४५ | ७.१० |
| २ | ११३१४ - भुमिकर/मालपोत | ४०००००० | ४८९७७२७ | १२२.४४ |
| ३ | ११३१५ - घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ५३०० | |
| ४ | ११३१७ - वहाल कर | ५००००० | ३१२६६३ | ६२.५३ |
| ५ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ३३६७५० | |
| ६ | ११६९१ - अन्य कर | ० | १००५७४४४ | |
| ७ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ३०३७४३ | |
| ८ | १४२४३ - सिफारिश दस्तुर | १३०००००० | १११८६०१ | ८६.०५ |
| ९ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३००००० | ४६७२५ | १५.५८ |
| १० | १४२४५ - नाता प्रमाणित दस्तुर | ० | १०५०१ | |
| ११ | १४२४९ - अन्य दस्तुर | ० | ३८४०४९ | |
| १२ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८००००० | ० | |
| १३ | १४२६५ - अन्य क्षेत्रको आय | २५०००००० | ० | |
| १४ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ४० | |
| १५ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ० | १९५४३० | |
| १६ | १४५२९ - अन्य राजस्व | २६०००००० | २४२८६६० | ९३.४१ |
| १७ | १५१११ - बेरूजू | ० | ६७३९८ | |
| **जम्मा** | | **३५५००००००।००** | **२०२३६०७६।००** | **५७.००** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थः आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गर्दै आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४१ **एम्बुलेन्स सञ्चालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाभित्रको सम्पत्तिको संरक्षण, रेखदेख,मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्न सक्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षण सम्वन्धि व्यवस्था रहेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकामा एम्वुलेन्स रहेकोमा त्यसवाट पालिकालाई यस आ. व. मा रसिद नं. ००१ देखि ५२ सम्मबाट रु.३२०६००।०० आम्दानी भएको विवरण पेश गरेको छ । वडा नं १ वाट रसिद जारी भई एम्वुलेन्स चालकवाट रकम सङ्कलन गरी वडामा आम्दानि गर्ने गरेकोमा विमारी ओसार पसारका लागि लिने गरेको शुल्क सम्वन्धमा स्पष्ट आधार प्रमाण खुलेको देखिएन भने रसिद नियन्त्रण खाताको व्यवस्था नभएकोले आम्दानि हिसाव व्यवस्थित

रहेको देखिएन । साथै पालिकामा रहेको उक्त उपकरणको चालक पारिश्रमिक, इन्धन र मर्मत जस्ता खर्चको अभिलेखीकरण गरेको पाइएन । एम्बुलेन्सको आम्दानी र खर्चको विवरणको अभिलेखाङ्कन नहुँदा त्यसको विश्लेषण र तुलना गर्न सकिएन भने एम्बुलेन्स सञ्चालन सम्वन्धि कार्यविधि बेगर सञ्चालन गर्नु उचित पनि देखिएन । अतः यस्ता उपकरण खरिद तथा संचालन गर्दा कार्यविधिको व्यवस्था गरि लागत - लाभ विश्लेषणको आधारमा संचालनको आधार, आवश्यकता र औचित्यताको विश्लेषण गरेर मितव्ययि तरिकाले संचालन गर्नुपर्दछ र आम्दानी खर्चको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

४२ **ढुङ्गा, गिट्टी, माटो बिक्री तथा शुल्क**

**निजी जमिनको ढुङ्गा गिट्टी** :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) तथा बागमती प्रदेश सरकारको आर्थिक ऐन,२०८० को दफा ९ (१) र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा स्लेट ग्राभेल माटो लगायत दहत्तर वहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण गर्दा शुल्क तथा जरिवाना लिन सक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्र ढुङ्गा, गिट्टी, माटो लगायतको दहत्तर बहत्तरको कुनै पनि कर शुल्क वापतको आम्दानी गरेको देखिएन तर पालिकाले भुक्तानी गरेका योजना समितिहरुको फायल हेर्दा व्यक्तिले निजी जमिनको माटो, ढुङ्गा, गिट्टि बिक्री गरेको भर्पाई संलग्न रहेको पाइयो । यसरी निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा बिक्री गर्दा पालिकाबाट स्वीकृति लिएको देखिएन । साथै बिक्रेताले कुनै पनि शुल्क दस्तुर बुझाएको पनि देखिएन । त्यस्तै IEE प्रतिवेदन बेगर संकलन तथा निकासी गर्नु मापदण्ड बमोजिम पनि देखिएन । अतः यस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न, विकास निर्माण कार्यमा ढुंगा गिट्टि वालुवा ग्राभेल माटो लगायतको नदिजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपुर्ति गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजश्व संकलनलाई व्यवस्थित गर्दै आय वृद्धि गर्न नियममा भएको व्यवस्थाको पालना गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**जलविद्युत आयोजनासँगको सम्झौता** :- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धि मापदण्ड, २०७७ को दफा १२ को उपदफा (१) र (२) मा ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि नदिजन्य पदार्थ उपलव्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको परिमाण खुल्ने सिफारिस, सम्वन्धित निकायले स्विकृत गरेको वातावरणीय प्रतिवेदन,शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, DPR र आयोजना संचालन गर्ने गरी भएको सम्झौता लगायतको आधारमा सम्वन्धित पालिकाले शुल्क तथा दस्तुर लिई त्यस्तो नदिजन्य पदार्थ उपलव्ध गराउन सक्ने व्यवस्था छ । पालिकाले मिति २०७८ कात्तिक १५ गते खिम्ति दोस्रो हाइड्रो योजनाको हाई हिमाल हाइड्रोद्धारा संचालित पिपुल्स इनर्जीको हाइड्रो आयोजना संचालनका लगि आयोजना क्षेत्र अन्तर्गत पालिकाको वडा ८ र ९ मा पर्ने हुँदा त्यहाँको ढुंगा गिट्टी प्रयोग बापत रकम रु.६०,००,०००।०० उपलव्ध गराउने गरी सम्झौता गरेकोमा सम्झौता रकम के आधारमा तय भएको हो र कति परिमाणका लागि हो प्रष्ट नभएकोले परिमाण एकिन नगरी सम्झौता गर्नु उचित देखिएन । उक्त कम्पनीबाट पालिकाले यस वर्ष रु.१९,८०,०००।०० आम्दानी प्राप्त गरेकोमा उक्त रकम राजश्व खातामा आम्दानी जनाएको छ । उक्त प्रा. लि. सँग भएको सम्झौता बमोजिम प्राप्त रकम रोयल्टीबापत भई प्रदेशलाई समेत सोको अंश पठाउनु पर्ने गरी प्राप्त भएको हो वा होइन केहि प्रष्ट भएको नदेखिएकोले सो सम्बन्धमा एकिन गर्नुपर्दछ । साथै उक्त हाइड्रोबाट पालिकाले के कति रकम प्राप्त गर्न बाँकि छ सो को एकिन गरी बाँकी रकम पनि सयममा नै प्राप्त गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

४३ **राजस्व असुली**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३३४.९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,२९८.८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४४ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्कबापत रु.८००००० ।०० प्राप्त गर्ने अनुमान गरेकोमा रकम रु.३३६७५०।०० मात्र सङ्कलन गरेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक गर्दै व्यवसायीहरुलाई करको दायराभित्र ल्याई आन्तरिक राजश्व अभिवृद्धि गर्न ध्यान दिनुपर्दछ ।

४५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा नियमावली, २०७६ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नविकरणगरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ ।पालिकालाई यस वर्ष सामाजिक सुरक्षा तर्फ रु.८ करोड १२ लाख ४४ हजार वजेट विनियोजन भएकोमा रु. ७ करोड ९८ लाख ७८ हजार खर्च भएको र मृत्यु भई लगत कट्टा भएकाको बैंकमा रहेको रकम रु प्राइम बैंकवाट रु.१४३०६।०० र प्रभु बैंकवाट रु.२३२४।०० लेखापरीक्षणका क्रममा फिर्ता भएको छ ।पालिकाले सफ्टवेयरवाट लाभग्राहिहरुको वडा कार्यालयमा दर्ता नविकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मुल अभिलेख राखेको देखिएन, लगत कट्टा समयमै नहुने तथा लगत कट्टा भएको व्यक्तिको रकम समयमै वैंकवाट फिर्ता लिने गरेको नदेखिएकोले पालिकाले लगत अद्यावद्यिक गर्दै निस्कृय खाता लगायत बैंकवाट फिर्ता प्राप्त गर्नुपर्ने अन्य रकमका सम्वन्धमा यकिन गरी फिर्ता प्राप्त गरि केन्द्रिय खातामा जम्मा गर्नुपर्दछ ।

सामाजिक सुरक्षाको सफ्टवेयरको लगत कट्टा महलको प्रतिवेदन अनुसार लगत कट्टा लागु हुने मिति र लगत कट्टा हुने मिति प्राय सवैको एउटै देखाएको छ । तर व्यक्तिगत विवरण अनुसार हेर्दा फरक देखिन्छ । सफ्टवेयरको डाटाहरु यथार्थमा आधारित हुनुपर्ने र फरक फरक प्रतिवेदनमा पनि डाटा फरक नपर्ने गरी सफ्टवेयरको प्रयोग हुनुपर्दछ । अत सफ्टवेयर डेभलपरले यस्तो फरक पर्नुको कारण पत्ता लगाई डाटालाई वास्तविकतामा आधारित हुने गरि सफ्टवेयर परिमार्जन तथा अपडेट गर्नुपर्दछ र सफ्टवेयर प्रयोगकर्ताले पनि वास्तविक डाटा प्रविष्टि गर्ने र समस्या देखिएमा समयमानै डेभलपर समक्ष समाधानका लागि पहल गर्नुपर्दछ ।

४६ **खोला किनारा तथा फिल्टरिङ ड्याम मर्मत सम्भार तथा निर्माण कार्य** (२९१-२०८१-२-२४):

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको पारिस्थितिकीय प्रणाली पुनर्स्थापना मार्फत जलवायु अनुकूलित प्राकृतिक पूँजी तथा ग्रामीण जीविकोपार्जनका लागि पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० मा खोला किनार तथा फिल्टरिङ ड्याम मर्मत सम्भार तथा निर्माण कार्य गर्दा पर्खाल तथा भूईंमा तारजाली, सिमेन्ट प्रयोग गरिने छैन भन्ने स्पष्ट उल्लेख गरिएको छ । पालिकाले खोला किनारा तथा फिल्टरिङ ड्याम मर्मत सम्भार तथा निर्माण कार्य उपभोक्ता समितिमार्फत खोला किनारा तथा फिल्टरिङ ड्याम मर्मत सम्भार तथा निर्माण कार्य गराउँदा ग्याविनको काम गरेबापत रु.१८८४१०।०० भुक्तानी गरेको देखिन्छ । पालिकाले कार्यविधिबमोजिम काम गर्नु/गराउनुपर्नेमा नगरी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु...

| अनियमित भएको | १,८८,४१० |
|---|---|

४७ **Early Warning & Reporting System**

आर्थिक वर्ष २०८० ।०८१ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका ससर्त अनुदानअन्तर्गतका क्रियाकलापहरु सञ्चालनसम्बन्धी मार्गदर्शन अन्तर्गत Early Warning and Reporting System(EWRS) कार्यक्रम गर्न छुट्याइएको स्वीकृत बजेट मध्येबाट अभिमुखीकरण कार्यक्रम गर्न करिब ७५ प्रतिशत र साईट सञ्चालनका लागि करिब २५ प्रतिशत रकम बजेट बाँडफाँड गरी कार्यसञ्चालन गर्नुपर्छ भन्ने उल्लेख छ। कार्यसञ्चालन तथा अन्य खर्च सम्बन्धमा आवश्यकता पहिचान तथा योजना तयार गरी अस्पतालको रेकर्ड/ तथ्याङ्क शाखाका लागि इन्टरनेट सञ्चालन, डाटाकार्ड रिचार्ज गर्न, कम्प्युटर मर्मत गर्न प्रिन्टर खरिद तथा मर्मत रिपोर्टिङ्ग कार्यमा आवश्यक पर्ने अन्य सामाग्री खरिद तथा मर्मत गर्न सकिने कुरा उल्लेख छ।

पालिकाले यस कार्यक्रम सञ्चालन गर्न जिरी अस्पतालको खातामा विनियोजित बजेट रकम निकासा गरेको देखिन्छ र जिरी अस्पतालले २०८० चैत्र २९ र ३० गते कार्यक्रम सञ्चालन गरेको देखिन्छ ।जसको खर्च विवरण देहायअनुसार रहेको छः

| **क्र सं** | **विवरण** | **खर्च रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | सहभागीभत्ता | ५१८००।०० | |
| २ | प्रशिक्षक भत्ता | ८४००।०० | |
| ३ | अनुगमन भत्ता | ६०००।०० | |
| ४ | लेख र प्रशासन | २०००।०० | |
| ५ | कार्यालय सहयोगी | ६००।०० | |
| ६ | खाजा | १८८००।०० | |
| ७ | स्टेशनरी | ४७००।०० | |
| ८ | ब्यानर | १०००।०० | |
| ९ | प्रतिवेदन कर्ता | १०००।०० | |
| **अभिमुखीकरणबापत खर्च** | | **९४३००।००** | **कुल विनियोजित बजेटको ३९.४६ प्रतिशत खर्च** |
| १ | इन्टरनेट खर्च | १२०००।०० | |
| २ | मोबाइल खर्च | ६०००।०० | |
| ३ | ल्याबटप मर्मत | ८५००।०० | |
| ४ | स्टील दराज र रिबोल्विङ्ग चियर | ८४५२४।०० | |
| ५ | पर्दा कार्पेट | १९६५०।०० | |
| ६ | स्टेशनरी तथा विविध खर्च | १४०२६।०० | |
| **कार्यसञ्चालनबापत खर्च** | | **१४४७००।००** | **कुल विनियोजित बजेटको ६०.५४ प्रतिशत खर्च** |

माथिको तालिका अध्ययन गर्दा अभिमुखीकरण कार्यक्रममा ७५ प्रतिशतसम्म खर्च गर्नुपर्नेमा ३९.४६ प्रतिशत मात्र खर्च गरेको देखिन्छ भने कार्यसञ्चालन खर्चमा २५ प्रतिशतसम्म खर्च गर्नुपर्नेमा ६०.५४ प्रतिशत खर्च भएको देखिन्छ। यसरी स्वास्थ्य मार्गदर्शनमा तोकिएको मापदण्डभन्दा बढी खर्च रकम रु.८४९५०।०० नियमसंगत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ८४,९५० |

४८ **न्यानो झोला**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा ससर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेसन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा गत वर्ष ५०० थानको रु.४९१५५०।०० र यस वर्ष ५०० थान को रु.४४८६१०।०० मा खरिद गरेकोमा गत वर्ष १८४ जना र यस वर्ष ११० जना गरी २९४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ७०६ थान न्यानो झोला मौज्दातमा रहेका छन्।खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन।तसर्थ: माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

पालिकाबाट यस आ. ब. मा रु.४४८६१०।०० को ५०० थान न्यानो झोला खरिद गरी विभिन्न वर्थिङ सेन्टरहरुमा वितरण गरिएको छ । पालिकाको स्वास्थ्य शाखाबाट प्राप्त तथ्याङ्कअनुसार न्यानो झोला वितरण र मौज्दातको अवस्था निम्न बमोजिम रहेको छ ।

| **क्र.सं.** | **स्वास्थ्य संस्थाको नाम** | **वर्ष भरि जन्म भएका शिशु संख्या** | **पालिकाबाट यस आ. व. मा प्राप्त न्यानो झोला संख्या** | **वितरण संख्या** | **यस वर्ष मौज्दात** | **गत वर्षको शुरु मौज्दात** | **खर्च नभई रहेको वर्षको अन्तिम मौज्दात** |
|---|---|---|---|---|---|---|---|
| १ | जिरी अस्पताल | ९० | ३७५ | ९० | ३९० | ३१६ | ७०६ |
| २ | श्यामा स्वास्थ्य चौकी | ९ | २५ | ९ | | | |
| ३ | ठूलोपातल स्वास्थ्य चौकी | ११ | १०० | ११ | | | |

## ४९ सामुदायिक सिकाइ केन्द्र

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१०४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५० शैक्षिक क्षति परिपूरण

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को दफा २.८.१४ को क्रियाकलाप नं. २.७.१३.४९ मा कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण सम्बन्धी व्यवस्था छ ।सिकाइ आपूरण तथा द्रुत सिकाइका लागि सबै विद्यालय र शिक्षकले यस सहजीकरण पुस्तिकामा उल्लिखित क्रियाकलाप तथा उपयुक्त अन्य शिक्षण सिकाइ सहजीकरण विधि (अनलाइन तथा अफलाइन) प्रयोग गरी शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने सम्बन्धी व्यवस्था छ।

पालिकाले कोभिड १९ बाट पुगेको शैक्षिक क्षति परिपूरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागत कार्यक्रम अन्तर्गत जिरी मा वि र ढुङ्गेश्वरी मा वि लाई क्रमश १८ र ८ जनाले ६३० घण्टा शिक्षण कार्य गरी रु.८१०००।८१००० भुक्तानी भएको देखिन्छ।तर विद्यालयहरुले कार्ययोजना, कार्यतालिका, शिक्षकहरुले पढाएको हाजिरी विवरण सम्बन्धमा अभिलेख राखेको देखिदैन। जसबाट कुन समयमा कति कति सेसन कुन विषय पढाइ भयो यकिन गर्न सकिएन।आगामी दिनमा पालिकाबाट गरिने यस्ता शैक्षिक

कार्यक्रम सञ्चालन गर्दा आवश्यक अनुगमन गरी विद्यालयबाट पुष्ट्याइसहितका सप्रमाण कागजात पेश गरी सत्यापन गरेपछिमात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

५१ **सहिद स्मृति प्रतिष्ठान :-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०८०।८१ को शिक्षातर्फको ससर्त कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.९ द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम(सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने) सम्बन्धमा स्थानीय तहले विद्यालयलाई एकमुष्ट अनुदान निकासा गर्ने र विद्यालयले सहिद स्मृति प्रतिष्ठानले तोकेबमोजिम खर्च गर्ने उल्लेख छ। यस वर्ष संघ ससर्त अनुदानतर्फबाट पालिकाले विद्यालयलाई अनुदान रु.२ करोड २ लाख निकासा गरेको देखिन्छ । यस सम्बन्धमा थप व्यहोरा निम्न बमोजिम रहेका छन्ः

५१.१ सहिद स्मृति आवासीय विद्यालय, दोलखा सार्वजनिक शैक्षिक गुठीको विधान- २०६६ को दफा २३ नं. मा शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही शिक्षक कर्मचारीसम्बन्धी सेवा सर्त, सुविधा र विद्यालय सञ्चालन कार्यविधि विनियम बनाई कार्यान्वयन गर्न सकिने तथा दफा २८ नं. मा विधानमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित शिक्षा ऐन तथा नियमावलीसँग बाझिएको हदसम्म स्वतः निस्कृय हुने उल्लेख छ।सहिद प्रतिष्ठान नेपालको आर्थिक प्रशासन नियमावली २०७९ (हाल संसोधन भई नेपाल आर्थिक प्रशासन नियमावली २०८० कार्यान्वियनमा रहेको) को दफा १८ मा प्रतिष्ठानमा कार्यरत कर्मचारीको हकमा प्रतिष्ठानले र यसद्वारा सञ्चालित विद्यालयहरुमा कार्यरत कर्मचारीको हकमा सम्बन्धित विद्यालयले कम्तीमा एक वर्ष नियमित काम गर्ने कर्मचारीलाई निजको तलबबाट १० प्रतिशत कट्टा गरी त्यसमा त्यति नै रकम थप गरी सञ्चय कोषको व्यवस्था गर्ने भन्ने उल्लेख छ भने सहिद प्रतिष्ठान नेपाल र कर्मचारी सञ्चयकोषबीच मिति २०७४ चैत्र १ गते भएको सम्झौताको सर्त नं १ मा वि स २०७४ साल फाल्गुण महिनादेखि आफ्नो स्थायी कर्मचारीहरुको मासिक तलबबाट कर्मचारी सञ्चय कोष ऐन २०१९ को दफा १२ बमोजिम १० प्रतिशतका दरले कट्टा गरी त्यसमा कार्यालयको तर्फबाट १० प्रतिशत रकम थप गरी त्यस्तो रकमा कोषमा जम्मा गर्न सहिद प्रतिष्ठान (दोस्रो पक्ष) मञ्जुर भनी उल्लेख छ। यस सहिद समृति मा. वि. को विद्यालयका कर्मचारीको सहिद समृति प्रतिष्ठानले नै सञ्चय कोषमा रकम दाखिला मिति २०७४ साल देखि सञ्चय कोष दाखिला गर्दै आएकोमा आ. व. २०७६।०७७ सालदेखि स्थानीय तहबाट अनुदान प्राप्त रकमबाट सञ्चयकोषमा दाखिला गर्दै आएको विद्यालयले जनाएको छ र आ.व.२०८०।०८१ मा सञ्चय कोष कट्टी बापत विद्यालयलाई प्राप्त अनुदानमध्ये रु.२७१८३७।जम्मा भएको देखिन्छ।सहिद प्रतिष्ठानले शिक्षक कर्मचारीको सेवा सुविधासम्बन्धमा विनियम नेपालको आर्थिक प्रशासन नियमावली २०७९ (हाल संसोधन भई नेपाल आर्थिक प्रशासन नियमावली २०८० कार्यान्वियनमा रहेको) निर्माण गरेको देखिन्छ। यसरी हेर्दा कर्मचारी सञ्चय कोषको सम्बन्धमा सहिद प्रतिष्ठान नेपालको आर्थिक प्रशासन नियमावली २०८० को दफा १८ मा स्थायी कर्मचारी भन्ने कुरा स्पष्ट उल्लेख नभएको तर सञ्चय कोष सम्बन्धि भएको सम्झौतामा स्थायी कर्मचारीको सञ्चय कोष कट्टी दाखिला गर्ने कुरा उल्लेख भएको र सार्वजनिक शैक्षिक गुठीको विधान- २०६६ को दफा २३ नं. मा शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही शिक्षक कर्मचारीसम्बन्धी सेवा सर्त, सुविधा र विद्यालय सञ्चालन कार्यविधि विनियम बनाई कार्यान्वयन गर्न सकिने तथा दफा २८ नं. मा विधानमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित शिक्षा ऐन तथा नियमावलीसँग बाझिएको हदसम्म स्वतः निस्कृय हुने उल्लेख छ तर मिति २०७४ देखि सहिद समृति मा वि मा कार्यरत कर्मचारीको सञ्चय कोषमा रकम दाखिला हुँदै आएको जानकारी प्राप्त हुन आएको छ। यसरी हेर्दा सञ्चय कोषसँग भएको सम्झौता, सहिद स्मृति आवासीय विद्यालय, दोलखा सार्वजनिक शैक्षिक गुठीको विधान- २०६६ विनियम र सहिद प्रतिष्ठानको नेपालको आर्थिक प्रशासन नियमावली संसोधन भई बनेको नेपाल आर्थिक प्रशासन नियमावली २०८० मा व्यवस्था भए अनुसार यस सहित समृति मा वि का कर्मचारीको कर्मचारी सञ्चय कोषमा रकम दाखिला गर्न सकिने या नसकिने भन्ने कुरामा स्पष्ट हुन सकिएन र यकिन गर्न सकिएन।सो सम्बन्धमा सहिद स्मृति प्रतिष्ठानले सम्बन्धित निकायहरुसँग समन्वय गरी सञ्चय कोष कट्टी दाखिलासम्बन्धमा भएको अस्पष्टतासम्बन्धमा र विद्यालय कर्मचारीहरुमा यससम्बन्धमा भएको द्विविधा र अन्यौलता सम्बन्धमा सम्बन्धित निकायले स्पष्ट पार्नु पर्ने देखिन्छ ।

५१.२

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३७९,६९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ५२ संस्थागत छात्रवृत्ति

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।आ.ब.२०८०।०८१ मा यस पालिकाभित्र सञ्चालन रहेको देहायका २ वटा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या ७२७ जना रहेकोमा १०० प्रतिशत ५० प्रतिशत र २५ प्रतिशत गरी ६४ जनालाई छात्रवृत्ति प्रदान गरिएको यस पालिकाको शिक्षा शाखाबाट जानाकारी प्राप्त भएको छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

निजी तथा संस्थागत विद्यालयको छात्रवृत्ति विवरण

| **निजी तथा संस्थागत विद्यालयको नाम** | **विद्यार्थी संख्या** | **छात्रवृत्ति प्राप्त विद्यार्थी संख्या** | | | **जम्मा छात्रवृत्ति पाउने संख्या** | **छात्रवृत्ति पाउने प्रतिशत** |
|---|---|---|---|---|---|---|
| | | १०० प्रतिशत छात्रवृत्ति | ५० प्रतिशत छात्रवृत्ति | २५ प्रतिशत छात्रवृत्ति | | |
| श्री सरस्वती सामुदायिक मा वि | ३८१ | २५ | ३ | ११ | ३९ | **१०.२३** |
| जेम एकेडेमी | ३४६ | १७ | ८ | ० | २५ | **७.२३** |
| **जम्मा** | **७२७** | **४२** | **११** | **११** | **६४** | **८.८** |

## ५३ प्रतिव्यक्ति लागत र शैक्षिक गुणस्तर

प्रतिव्यक्ति लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ

| **बजेट विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| संघीय सरकार-ससर्त | ११०२००००० | १०१५६८००० | ३४५९ | ३३४७९।०० |
| प्रदेश सरकार | २६२४००० | १९०८४४९ | | |
| स्थानीय सरकार | १५०२५००० | १२३३०२८६ | | |
| **जम्मा** | **१२७८४९०००।००** | **११५८०६७३५।००** | **३४५९** | **३३४७९।००** |

शैक्षिक गुणस्तर

यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहायबमोजिम रहेको छ

| क्र.सं. | जी. पी. ए. | संस्थागत | सामुदायिक | जम्मा विद्यार्थी | | उतीर्ण विद्यार्थी सङ्ख्या | | उतीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१-४.०० | २ | ० | ६६ | १७४ | ५१ | ८४ | ७७.२७ | ४८.२७ |
| २ | ३.२१-३.६० | २२ | ८ | | | | | | |

माथिका तालिकाहरु अध्ययन गर्दा सामुदायिक विद्यालयहरुका विद्यार्थीमा सरकारले गरेको खर्च हेर्दा प्रति विद्यार्थी लागत रु. ३३४७९। देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ एस. ई. ई. को नतीजा हेर्दा संस्थागत विद्यालयतर्फ ५१ जना विद्यार्थीहरु एस. ई. ई. परीक्षा सम्मिलित भएकोमा ३.६१-४.०० जी. पी. ए. ल्याएर उतीर्ण २ जना मात्र उतीर्ण भएको देखिन्छ र ३.२१-३.६० जी. पी. ए. ल्याएर २२ जना उतीर्ण भएको देखिन्छ भने एस.ई.ई परीक्षा सम्मिलित कुल विद्यार्थी संख्याको ७७.२७ उतीर्ण प्रतिशत भएको देखिन्छ।त्यस्तै सामुदायिक विद्यालयतर्फ १७४ जना विद्यार्थीमध्ये ३.६१-४.०० जी. पी. ए. ल्याएर कोही पनि उतीर्ण भएको देखिदैनन् र ३.२१-३.६० जी. पी. ए. ल्याएर ८ मात्र जना उतीर्ण भएको देखिन्छ भने एस.ई.ई परीक्षा सम्मिलित कुल विद्यार्थी संख्याको ४८.२७ उतीर्ण प्रतिशत देखिन्छ र कुल विद्यार्थी संख्याको अनुतीर्ण प्रतिशत ५२.७३ रहेको देखिन्छ।पालिकाले शिक्षामा लगानी गरे तापनि शैक्षिक गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर देखिन्छ।तसर्थः पालिकाले विद्यालयहरुको शिक्षाको गुणस्तरसम्बन्धमा आवश्यक वस्तुगत अध्ययन तथा अनुगमन गरी विभिन्न सरोकारवाला पक्षहरसँग निरन्तर छलफल एवम् अन्तरक्रिया गरी आवश्यक सहकार्य र समन्वयबाट शैक्षिक गुणस्तर सुधार गर्न ध्यान दिनुपर्ने देखिन्छ।

### ५४ शिक्षकको पारिश्रमिक

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,८८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

### ५५ दिवाखाजा

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को दफा २.८.७ को क्रियाकलाप नं. २.८.११.१ मा तोकिएको विद्यार्थीको लागि दिवाखाजा सम्बन्धी व्यवस्था छ । जसमा स्थानीय तहले दिवा खाजाबापत रकम निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र खाजाबापतको अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले दिवाखाजाबापत पहिलो चौमासिकमा १२७३ जना विद्यार्थी संख्याको ६५ दिनको रु.१२४११७५।०० दोस्रो चौमासिकमा ११६५ जना विद्यार्थी संख्याको ५७ दिनको रु.९९६०७५।०० र तेस्रो चौमासिकमा ११६५ जना विद्यार्थी संख्याको ५८ दिन र छुट रकम रु. ५२५६।०० सहित रु.१०१८८१५।०० गरी जम्मा १८० दिनको उपस्थिति मानेर दैनीक खाजाबापतको दर रु.१५।०० का आधारमा भुक्तानी भएको रकम रु.३२५६०६५।०० देखिन्छ जुन १२०६ जना बराबर विद्यार्थीको खाजाको रकम हो भने EMIS को विद्यार्थी संख्यालाई आधार मान्दा सो अनुसार १२७३ जना विद्यार्थी संख्या देखिन्छ। EMIS को संख्या अनुसार १८० दिनको रु.१५।०० का दरले हेर्दा रु.३४३७१००।०० दिवाखाजाबापतको रकम देखिन्छ जुन भुक्तानी गरिएको भन्दा रु.१८१०३५।०० ले बढी हुन जान्छ। पालिकाको अधिकांस विद्यालयहरुले विद्यार्थी संख्या र सो विद्यार्थी संख्याको पठाइएको हाजिरी प्र. अ. र वि. व्य. स. बाट प्रमाणित गरेर पठाएको देखिएन भने पालिकाबाट विद्यार्थीको हाजिरी विवरण गणना नगरी विद्यालय खुलेको दिन भनी समग्रमा १८० दिनको

भुक्तानी भएको देखिन्छ। जसबाट सबैं विद्यार्थी १८० दिन हाजिर भए नभएको सम्बन्धमा यकिन हुन नसक्दा दिवा खाजाबापत भुक्तानी रकम यथार्थपरक हो या होइन यकिन गर्न सकिएन।पालिकाको शिक्षा शाखाबाट अनुगमन गरेर प्रतिवेदन राख्ने व्यवस्था पनि गरेको छैन। तसर्थः पालिकाको विद्यालयहरुबाट कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए बमोजिम विद्यार्थी संख्या र सो विद्यार्थी संख्याको हाजिरी प्र. अ. र वि. व्य. स. बाट प्रमाणित गरेर यकिन गरी पठाउनु पर्ने देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएबमोजिम विद्यार्थीको हाजिरी गणना गरी सत्यापन गराई भुक्तानी दिनुपर्दछ ।

५६ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तहअन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तहअन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री ढुङगेश्वरी मा वि | १३ | १३ | २ | २७२ | |
| २ | श्री सेरल्पा प्रा वि | ३ | ३ | १ | १९ | |
| ३ | श्री माथिल्लो प्रा वि | ३ | ३ | ० | ४३ | |
| ४ | श्री फुजिङ प्रा वि | ३ | ३ | ० | ३७ | |
| ५ | श्री चेर्दुङ प्रा.वि | ३ | ३ | ० | ५० | |
| ६ | श्री ठूलोचौर प्रा वि | ३ | ३ | ० | ५२ | |
| ७ | श्री जिरीश्वरी प्रा वि | ३ | ३ | ० | १७ | |
| ८ | श्री देउराली प्रा वि ७ | ३ | ३ | ० | ४५ | |
| ९ | श्री बज्युस्थान प्रा वि | ० | ० | ० | १२ | बाल विकास केन्द्र मात्र सञ्चालन |
| १० | श्री जिरी मा वि | २३ | २३ | २ | ५७९ | |
| ११ | श्री छहारे प्रा वि | ३ | ३ | ० | ३९ | |
| १२ | श्री हलेश्वर प्रा वि | १ | १ | १ | १७ | |
| १३ | श्री सेतीदेवी प्रा वि ३ | २ | २ | २ | ९ | |
| १४ | श्री बौद्ध भुवानेश्वरी मा वि | १४ | १४ | ७ | ३०९ | |
| १५ | श्री गर्जाङढुङगा मा वि | १९ | १९ | ३ | २५१ | |
| १६ | श्री पाथीभरा प्रा वि | ३ | ३ | ० | ३७ | |
| १७ | श्री राबुटार प्रा वि | ० | ० | ० | ८ | बाल विकास केन्द्र मात्र सञ्चालन |
| १८ | श्री पाँचपोखरी प्रा वि | ० | ० | ० | ७ | बाल विकास केन्द्र मात्र सञ्चालन |
| १९ | श्री सेतीदेवी आ वि २ | ४ | ४ | ० | ५१ | |
| २० | श्री कामेश्वर प्रा वि | २ | २ | १ | ३० | |
| २१ | श्री देउराली आ वि ८ | ४ | ४ | ० | ३५ | |
| २२ | श्री कालीदेवी आ वि | ३ | ३ | १ | ६३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | श्री धनमाले आ. वि | ६ | ६ | ३ | ५० | |
| २४ | श्री ठूलोपालत मा. वि | ९ | ९ | ६ | १२१ | |
| २५ | श्री कालिका मा.वि | ११ | ११ | ९ | २२४ | |
| २६ | श्री कुशेश्वर प्रा. वि | ० | ० | ० | ५ | बाल विकास केन्द्र मात्र सञ्चालन |
| २७ | श्री सूर्योदय प्रा वि | ० | ० | ० | ९ | बाल विकास केन्द्र मात्र सञ्चालन |
| २८ | श्री देउराली प्रा.वि ४ | ३ | ३ | १ | २२ | |
| **जम्मा** | | **१४१** | **१४१** | **३९** | **२४३५** | |

माथिको तालिका अध्ययन गर्दा सबैभन्दा बढी विद्यार्थी संख्या भएको ५७९ जना विद्यार्थी संख्या रहेको विद्यालय श्री जिरी मा वि मा २३ जनाको शिक्षक दरबन्दी रहेकोमा २३ जनाको नै पदपूर्ति भएको देखिन्छ भने सबैभन्दा कम विद्यार्थी भएको श्री सेतीदेवी प्रा. वि. मा ९ जना विद्यार्थी रहेको देखिन्छ भने २ जना शिक्षक रहेको देखिन्छ । पालिकाले सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा पर्ने नपर्ने एकिन गरी विद्यालयको आवश्यकता अनुसार विद्यालय समायोजन वा एकीकरण गरी विद्यार्थीको अनुपात बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

५७ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६५५ जना रहेको देखिन्छ । पालिकाले संघीय ससर्त अनुदानबाट १०४८० थान स्यानिटरी प्याड रु.६८९३००।०० (मू. अ कर समेत) मा खरिद गरेको छ । पालिकाले खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन ।तसर्थः पालिकाले गुणस्तरमा कमी नआउने गरी सुरक्षित राख्नुपर्ने तथा पालिकाको शिक्षा शाखाबाट विद्यालयमा भण्डारण र प्रयोगको अवस्था बुझ्न निरन्तर अनुगमन गरी यसको प्रयोगको प्रभावकारितामा ध्यान दिनुपर्ने देखिन्छ ।

| गत आ. व. को मौज्दात अवस्था | यस वर्ष माग गरिएको सङ्ख्या | खरिद सङ्ख्या | वितरण सङ्ख्या | मौज्दात सङ्ख्या | मौज्दात मूल्य (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| ० | १०४८० | १०४८० | ९२६० | १२२० | रु.७४५७८।०० |

५८ **खेलकुद विकास कार्यक्रम :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ मा अर्थ मन्त्रालयको सहमतिमा आफूले सम्पादन गर्ने कामको प्रकृति अनुसार मापदण्ड बनाउन सक्ने व्यवस्था छ । साथै नियम ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगेपछि मात्र भुक्तानी गर्नुपर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने उल्लेख छ । खेलकुद प्रतियोगिता सञ्चालनार्थ रित प्रकृयाको रुपमा खेल सञ्चालन खर्चका मापदण्ड तथा कार्यविधिको पालना गर्नुपर्ने व्यवस्था रहेको छ । मापदण्ड र कार्यविधिको पालना गरी लागत अनुमान र खेल प्रतियोगिताको प्रस्तावना बनाउनु तथा खेल सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्दछ । पालिकाले खेलकुद प्रतियोगिता संचालन प्रकृया तथा खर्चका मापदण्डहरु तयार गरेको छैन । मापदण्ड तथा कार्यविधिका आधारमा प्रशिक्षकद्धारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षण संलग्न मेडिकल स्वयंसेवक टिम,राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राविधिक प्रशिक्षक, राष्ट्रिय अन्तराष्ट्रिय

निर्णायक (अम्पायर) राष्ट्रिय अन्तराष्ट्रिय रेफ्री स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन । दैनिक भत्ता, प्रशिक्षक भत्ता, एम्पाएर, रेफ्री तथा स्कोर गणकको पारिश्रमिक भत्ता,यातायात खर्च, खाना खाजा होटेलबास खर्च,खेलाडी खुराक आदि वापत् फरक फरक दरमा खर्च भएको पाईयो। खेलकुद प्रतियोगिता संचालन प्रस्तावना,छनोट प्रतियोगिता सञ्चालन,बन्द प्रशिक्षणमा खेलाडी, प्रशिक्षक लगायतका जनशक्तिलाई उपलब्ध गराउने सेवा सुविधा मापदण्ड ,कार्यविधिका आधारमा सुविधा बापत दिने खर्चका आधार तयार गर्नु पर्दछ । कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी खेल सञ्चालन गरेका केही उदाहरण निम्नानुसार छन ।

| सि नं | भौ नं | मिति | खेलकुद प्रतियोगिता | आयोजक रकम भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|---|
| १ | ९३२ | २०८१।३।६ | जिरी च्याम्पियन सिप | युवा संजाल जिरी | ५०००००।०० |
| २ | ९२६ | २०८१।३।६ | जिरी च्याम्पियन सिप | युवा संजाल जिरी | १००००।०० |
| ३ | ९२७ | २०८१।३।६ | जिरी च्याम्पियन सिप | युवा संजाल जिरी | ५५०००।०० |
| ४ | ९३३ | २०८१।३।७ | भलिवल | पशुपति चौलागाई फाउण्डेशन | १०००००।०० |
| ५ | ९६४ | २०८१।३।१३ | राष्ट्रपति रनिङ शिल्ड | जिल्ला स्तरिय आयोजक समिति | २८००००।०० |
| ६ | ९७४ | २०८१।३।१३ | शैंक्षिक संस्था स्तरियमहिला दिवश भलिवल प्रतियोगिता | महिला दिवश भलिवल प्रतियोगिता आयोजक समिति | २२३९९५।०० |
| ७ | विधिन्न | विभिन्न | विद्यालय स्तरिय राष्ट्रपति रनिङ शिल्ड | ७ विद्यालय | २०००००।०० |
| ८ | ४७७ | २०८०।१०।२४ | पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड | जिरी मा वि | ४९९४२६।०० |

५९ **गैरसरकारी संस्था द्वारा प्रश्न पत्र तयारी :-**

शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९मा सामुदायिक विद्यालयको पाठ्यसामाग्री लेखन तथा वार्षिक परीक्षा संचालनको जिम्मा वाह्य निकायलाई दिने व्यवस्था देखिँदैन । गुणस्तर, मितव्यिता र गोपनीयता कायम गरी संचालन गर्नुपर्ने कामकाज गैर सरकारी संस्थालाई जिम्मा दिन मिल्ने आधार देखिँदैन । पालिकाले यो वर्ष नगर स्तरीय शैक्षिक सहजीकरण मञ्च जिरी संग सम्झौता गरी निम्नानुसार कार्य गराएको पाईयो । पालिकाको शिक्षा शाखाको समन्वयमा पालिका भित्रका विषय सम्बन्धित विज्ञहरुको समिति निर्माण गरी प्रचलित कानुन तथा मापदण्डमा भएको व्यवस्था अनुसारको सुविधा तथा श्रोत उपलब्ध गराई मितव्ययी तथा गुणस्तरीय रुपमा वार्षिक शैक्षिक कृयाकलाप संचालन गरिनु पर्दछ।

| सि नं | भौ नं | मिति | काम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १०३८ | २०८१।३।२० | नगरस्तरिय कक्षा ४, ५ ,६ ,७र ९को अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण तथा छपाई | २५७९६० |
| २ | ११७१ | २०८१।३।२४ | स्थानिय पाठ्यक्रम अनुसारको पाठ्य सामाग्रीको तथ्याङ्क संकलन, पाठ्य सामाग्री लेखन, सम्पादन, छपाई तथा अभिमुखिकरण | २००००० |
| जम्मा | | | | ४५७९६० |

६० **पौरखी युवा कार्यक्रम :-**

पौरखी युवा कार्यक्रम कार्यान्वयनको लागि रु३००००००।०० विनियोजन भएकोमा जिरी प्राविधिक शिक्षालय संग सम्झौता गरी शिक्षालयद्धारा १७ जनालाई विल्डिङ ईलेक्ट्रिशियन, १९ जना लाई पावर टिलर मिस्त्री र १५ जनालाई प्लम्विङ सम्बन्धी ३९०घण्टाको आधारभुत तालिम संचालन गर्दा रु २९६१५०० खर्च भएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ३९को उप नियम ७मा सरकारी निकायबाट कुनै तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने तथा उप नियम ८मा उपनियम (७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भई सकेपछी त्यस्तो कार्यक्रममा खरिद गरेको मालसामानको विवरण तथा विलभरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समावेस गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । पालिकाले यो कार्यक्रम गर्न लाग्ने तालिम खर्च रु १६६१५०० र सहभागी प्रशिक्षार्थी भत्ता १३०००००गरी रु २९६१५००।००को एकीकृत लागत अनुमान स्वीकृत गरेर प्रस्ताव आव्हान गर्नु पर्नेमा सो नगरी जिरी प्राविधिक शिक्षालयले पेश गरेको तालिम खर्च रु१६६१५००को प्रस्ताव स्वीकृत गरी कार्यक्रम गरेको र प्रशिक्षार्थी भत्ता जनही रु २६०००का दरले दिएको पाईयो । साथै सम्पन्न कार्यक्रमको एकीकृत खर्चको विवरण सहितको प्रतिवेदन तयार गर्नु पर्नेमा शिक्षालय द्वारा तयार पारेको तालिम खर्चको मात्र प्रतिवेदन पेश गरेको पाईयो । पालिकाको बजेट र कार्यक्रम अनुसारको लागत अनुमान तयार गरी प्रतिष्पर्धा गराई सेवा परामर्श लिनु पर्दछ ।

६१ **सवारी साधन मर्मत :-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३को उपनियम ५ मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था छ।यस नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने मर्मत गराउँदा कुनै मालसामान पार्टपूर्जा वा उपकरण प्रतिष्थापन गर्नु पर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नु पर्ने व्यवस्था छ। यसरि खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु ५०००।००भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिष्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ । त्यस्तै सवारी साधन मर्मत संभार शीर्षकमा यस आ व मा रु.२५००००० लाख बजेट विनियोजन भएकोमा ४१ वटा सवारी साधन मर्मतको लागि रु २३९०८२६।००खर्च भएको देखिन्छ । सवारी साधन मर्मत गराएकोमा उल्लेखित प्रकृयाआंशिक रुपमा मात्र पालना गरेको देखिन्छ। खरिद कानुनको प्रकृया अपनाई मर्मत गराउँदा मितव्ययिता, दक्षता, पारदर्शिता र टिकाउपना हुने भएकोले कानुनको पालना गरी मर्मत गराउनु पर्दछ ।

६२ **इन्धन खर्च :-**

सुत्र अनुसार पालिकाले यो वर्ष इन्धनको लागि रु ३१३८९६०।०० विनियोजन गरेकोमा रु ३१३८९६०।०० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः

६२.१ **लगबुक प्रयोग :-** इन्धन खर्चको आन्तरिक नियन्त्रणको लागि सवारी लगबुक महालेखापरीक्षकको फारम नम्बर ९०५ मा अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकामा ४१ वटा सवारी साधन रहेकोमा सवारी लगबुकको प्रयोग पाईएन । सवारी लगबुकको प्रयोगले ,सवारी प्रयोग कर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ | सवारी लगबुक को प्रयोग

नगरिदा कसलाई कुन प्रयोजन कति परिमाणमा ईन्धन दिएको हो प्रयोग भएको सवारी साधनको समय र खपत इन्धन बीच मेल खाए नखाएको जानकारी नहुने हुदा सवारी लगबुक राखिनु पर्दछ | पालिकाले विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा राखेको पाइएन | कसलाई के प्रयोजन इन्धन्न दिएको हो खुल्न सकेन | लगबुक प्रयोग नभएका केहि उदाहरण यस प्रकार छन | लगबुक र प्रयाप्त अभिलेख बेगर भुक्तानी दिनेलाई पनि जिम्मेवार बनाई यस्तो खर्चको सिमा निर्धारण गरी नियन्त्रण गरिनु पर्दछ ।

| सि. नं. | गौ. भौ. नं. | मिति | आपूर्तिकर्ता | डिजल परिमाण | पेट्रोल परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | ५४ | २०८०।६।१ | कालिन्चोक आयल स्टोर | १९५० | ८६९ | ५१०४७२।९९ |
| २ | ४२८ | २०८०।१०।१० | कालिन्चोक आयल स्टोर | ६८२।७० | ४६२ | १९१६५५।०० |
| ३ | ५३२ | २०८०।११।१३ | कालिन्चोक आयल स्टोर | ५१४।५९ | २७८।१० | १३३७५९।०० |
| ४ | ६९२ | २०८०।१२।२६ | कालिन्चोक आयल स्टोर | ६५० | ५१० | १०७१००।०० |
| ५ | ११३३ | २०८१।३।२० | कालिन्चोक आयल स्टोर | ९४० | ७३० | २७६९००।०० |
| ६ | ८८४ | २०८१।२।२४ | कालिन्चोक आयल स्टोर | ८१० | ५४० | २२०५९०।०० |
| ७ | ८१२ | २०८१।२।३ | शैलुङ आयल स्टोर प्रा लि | ५९१ | १४४ | ९६३३३।०० |

६२.२ **इन्धन खर्चको मापदण्ड पालना :-** वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५को दफा ३(क) अनुसूची १(क) मा सि. नं. १२ मा इन्धन खर्चको मापदण्ड तोकिदिएको छ । जसअनुसार नगर प्रमुख, नगर उप प्रमुख र वडा अध्यक्षले मासिक रुपमा क्रमश ८०,८० र २० लिटर इन्धन पाउने व्यवस्था छ । पालिकाका निम्नानुसार पदाधिकारीले मापदण्ड भन्दा बढी इन्धन सुविधा लिएको देखियो । यस सम्बन्धमा छलफल गर्दा तोकिएको मापदण्ड अनुसारको इन्धनले योजना अनुगमनमा नपुग भएकोले वढी खर्च हुन गएको पालिकाको भनाई छ । प्रचलित इन्धन खर्चले नपुग्ने अवस्थामा मापदण्ड स्वीकृत गरी इन्धन खर्चको सुविधाको सीमा परिपालना हुनु पर्दछ ।

| सि नं | पद | नाम | मापदणड अनुसार सुविधा पाउने लिटर | सुविभा लिएको लिटर | बढी खर्च लिटर |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मित्र बहादुर जिरेल | ९६० | ४५११।५८ | ३५५१।५८ |
| २ | नगर उप प्रमुख | कृष्णमाया बुढाथोकी | ९६० | ४१२०।१८ | ३१६०।१८ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन, व्यवस्थापन, सेवाका सर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानूनबमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानूनबमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीको रुपमा कार्यसम्पादन मापन गर्न मिल्ने कार्यविधी तथा मापदण्ड तयार गरेर भत्ता वितरण गर्नुपर्नेमा ५३ जना कर्मचारीलाई १० प्रतिशत एकमुष्ट भत्ता रु.२४५०९३४।९२ वितरण गरेको छ । एकमुष्ट १० प्रतिशतका दरले रु.२४५०९३४।९२ भत्ता वितरण गरी पालिकालाई व्ययभार परेको पाईयो । प्रोत्साहन भत्तालाई कार्यसम्पादनसँग आवद्ध गर्नुपर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : जिरी नगरपालिका, दोलखा , जिरी नगरपालिका , दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ram Prasad Acharya | २०७८-१०-५ | २०८०-५-१२ |
| कार्यालय प्रमुख | पुरुषोत्तम सापकोटा | २०८०-५-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | महेश्वर प्रसाद अधिकारी | २०७६-४-२९ | २०८०-१२-५ |
| लेखा प्रमुख | रुद्र प्रसाद दहाल | २०८०-१२-६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३९८,६८३ | १,५७७,९५१.४२ | १५,२२६,०४७.०१ | ० | ० | ९४०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,१४२,६८१.४३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १६,४००,६०७.०१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,७४२,०७४.४२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५४८१५९१३.८६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८१०६९४२३ | चालु खर्च | २९५७३६७३२.४८ |
| प्रदेश सरकारबाट अनुदान | ४७०६४१८७ | पूँजीगत खर्च | १२०६६२७९३.३३ |
| राजश्व बाँडफाँट | ८९५०८०६७.२८ | वित्तीय/अन्य व्यवस्था | ९४९१३२५१.४३ |
| आन्तरिक आय | २०२३६०७५.९१ | | |
| अन्य आय | ८६६२०३०८ | | |
| कुल आय | ५२४४९८०६१.१९ | कुल खर्च | ५११३१२७७७.२४ |
| बाँकी मौज्दात | | ६८००११९७.८१ | |

## अनुसूची - २

## बेरूजु दफा १७ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | कामको विवरण | जम्मा रकम रु. | सम्झौता कवोल अंक मू अ कर सहित | घटी प्रतिशत | शुरु गर्नुपर्ने मिति | सम्पन्न गर्नुपर्ने मिति | निर्माण अवस्था | भेरियसन मू अ कर समेत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रतिशत | रकम |
| जिरी हाटडाँडा माथिल्लो सिक्री सडक स्तरोन्नति, वडा नं ६ देखि ९ (ठेक्का नं. : JIRI/MUN/NCB/ROAD/JHMS/01-2080/81) | प्रजिल कन्स्ट्रक्सन प्रा लि, ललितपुर | सडकको लागि माटो काट्ने, नाली निर्माण, आर. सी. सी., ग्याबियन तथा ढुंगा विछ्याउने काम | ३ करोड | १८५३५६३४.९ | ३८.२१ | ११/११/२०८० | ०३/१४/२०८१ | म्याद थप | | |
| बाघखोर डल्लेमाने चेर्दुङ सडक स्तरोन्नति, जिरी ४ (ठेक्का नं.:JIRI/MUN/NCB/ROAD/BDCR/02-080/81) | एस के/ जिरी जे भी, दोलखा | | ३ करोड | १८६३४२६३ | ३७.८८ | ०१/१७/२०८१ | ०३/१४/२०८१ | सम्पन्न | ४.९९% | ९२४२८८.७६ |
| जिरी नगरपालिका कार्यालयको चमेनागृह निर्माण (ठेक्का नं: JIRI/MUN/WORKS/SQ/04-2080/81) | काम्बिसे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि, वैतेश्वर 04 | चमेनागृह निर्माण | १५ लाख | १४५७०२५।५४ | २.८६ | १२/०७/२०८० | ०३/१४/२०८१ | सम्पन्न | | |
| जिरी हाटडाँडा सिक्री सडक स्तरोन्नति तथा नयाँ ट्र्याक निर्माण, जिरी ६ (ठेक्का नं.:JIRI/MUN/NCB/ROAD/NTJH/06-2080/81) | S.K Construction and Suppliers Jiri-04,Dolkha, | ग्याबियन तथा प्लम नाली निर्माण | २५ लाख | १३५९९०९।८० | ४५.६५ | १२/२०/२०८० | ०३/१४/२०८१ | सम्पन्न | | |
| गाई फार्म- जिरी अस्पताल देखी वडा नं ५ सम्म सडक कालोपत्रे (ठेक्का नं.: JIRI/MUN/ROAD/BTR/05-2080/81) | ताँबे कन्स्ट्रक्सन, मन्थली-01, रामेछाप | कालो पत्रे, नाली निर्माण | १ करोड ५० लाख | १००१७०५४ | ३३.२१ | १२/२०/२०८० | ०३/१४/२०८१ | म्याद थप २०८१/०७/३० | | |
| जिरी माली पुम्बा र खाबा लहरेमाने खोल्मे सडक निर्माण जिरी 1,2,3,4,7,8 र 9 ( ठेक्का नं. :JIRI/MUN/NCB/ROAD/ JMPLK/07-2080/81) | आर आई कन्स्ट्रक्सन एण्ड सप्लायर्स, सूर्यविनायक-02, भक्तपुर | ढुंगा विछ्याउने काम | ८५लाख ७१ हजार | ५०६७०१५।५९ | ४०.८८ | ०३/१३/२०८१ | ०६/३०/२०८१ | म्याद थप २०८१/०९/३० | | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनअनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ । निर्वाचित हुने पदबाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियमअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुनबमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।
- पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ । निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ । त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ । एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवम् सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीतभण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।